राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ६, भदौ १५ गते शुक्रबार, २०८० (1 September, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# टुहुरेलाई 'जनगायक' उपाधि

## 'जनबोलीका अविश्रान्त गायक' कृतिको लोकार्पण

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** सुप्रशिद्ध जनगायक जुठबहादुर खड्की (जेबी टुहुरे) को स्मृतिमा प्रकाशित 'जनबोलीका अविश्रान्त गायक' कृतिको हालै लोकार्पण गरिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पुस्तक सर्वाजनिक गर्दै जनगायक टुहुरे क्रान्तिकारी आन्दोलनका नायक र जनताका प्रिय गायक भएको उल्लेख गरे ।

प्रधानमन्त्री प्रचण्डले टुहुरेका योगदानको कदर गर्दै सरकारले जनगायकको उपाधि दिएको पनि उल्लेख गरे । नेपालको वाम-लोकतान्त्रिक, राजनीतिक आन्दोलन एवं सांगीतिक क्षेत्रमा टुहुरेले पुऱ्याएको विशिष्ट योगदानकै कारण हालैको मन्त्रिपरिषद् बैठकले उनलाई जनगायकको राष्ट्रिय सम्मान प्रदान गरेको प्रधानमन्त्रीले उल्लेख गरे । 'टुहुरेको गायकीले नागरिकको दुःख बोल्थ्यो, अन्याय विरूद्ध आवाज उठाउन प्रेरित गर्थ्यो, महिलाहरूलाई आफ्नो मुक्तिका निम्ति संघर्ष गर्न प्रेरित गर्थ्यो, त्यसैले उहाँ न्यायप्रेमी जनसमुदायका बीच अजर-अमर गायकका रूपमा स्थापित हुनुभयो'- प्रधानमन्त्री प्रचण्डले भने । 'टुहुरे नेपालको प्रगतिवादी साहित्यिक एवं सांगीतिक आन्दोलनको एक सिद्धहस्त नेता, राजनीतिक-सामाजिक रूपान्तरणका एक अविचलित अभियात्री र जनतामा विद्रोहचेत पैदा गर्ने जनप्रिय जनबोलीका गायक हुनुहुन्थ्यो,' प्रधानमन्त्री प्रचण्डले अगाडि भने- 'बाल्यकालदेखि नै देश र जनताको मुक्ति र परिवर्तनका निम्ति समर्पित रहनुभएका टुहुरेको सिंगो जीवन ऊर्जाले भरिएको छ ।'

टुहुरे नेपाली वाम आन्दोलनको एक बहुआयमिक व्यक्तित्व भएको स्पष्ट पार्दै प्रगतिवादी साहित्यिक-सांस्कृतिक आन्दोलन र सामाजिक रूपान्तरणको आन्दोलनमा टुहुरेको महत्त्वपूर्ण भूमिका भएको प्रधानमन्त्रीले चर्चा गरे । 'जतिबेला हामी राजनीतिक आन्दोलनमा

क्रमशः अन्तिम पृष्ठमा

## बजेटमा इमानदार प्रयत्न आवश्यक : अध्यक्ष तिमिल्सिना

***काठमाडौं ।*** *राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले दीगो विकास लक्ष्य हासिल गर्न नीति निर्माणदेखि कार्यान्वयन गर्ने संयन्त्रबीच समन्वय र सहकार्य आवश्यक रहेको बताए ।*

*'बजेट र योजनाबीच तालमेल छैन, बजेट विनियोजनमा इमान्दार प्रयत्न हुनुपर्छ, अबण्डमा बजेट राखेर कसरी दीगो विकास लक्ष्य प्रापत हुन्छ' अध्यक्ष तिमिल्सिनाले भने 'कृषियोग्य समथर जमिनमा बस्ती बसाल्ने भिरपाखामा खेती गर्ने कार्यले खाद्य सुरक्षा हुनसक्दैन ।'*

*राजधानीमा आयोजित दिगो विकाससम्बन्धी राष्ट्रसंघीय आगामी शिखर सम्मेलनमा प्रस्तुत गर्ने कार्यसूची तथा भावी रणनीतिसम्बन्धी परामर्श गोष्ठीलाई सम्बोधन गर्दै अध्यक्ष तिमिल्सिनाले तोकिएको समयावधिभित्र दीगो विकास लक्ष्य प्राप्त गर्न अहिले योजना कार्यान्वयनको गतिमा सुधार र सक्रियताको खाँचो रहेको औंल्याएका हुन् ।*

*अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न र दीगो विकासका लक्ष्य प्राप्ति हुने ढंगबाट आयोजना छनोट गरी सामाजिक न्यायका आधारमा बजेट विनियोजन गर्न सरकार र राष्ट्रिय योजना आयोगलाई उनको सुझाव थियो ।*


*कार्यक्रममा उपाध्यक्ष उर्मिला अर्यालले दीगो विकास लक्ष्य प्राप्त गर्न वडादेखि पालिका, प्रदेश हुँदै केन्द्रसम्म गहन छलफलका साथ कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यक रहेको बताइन् । 'दीगो विकास लक्ष्यलाई दीगोपन दिन आवश्यक छ, बजेट विनियोजन र स्थानीय आवश्यकताबीच तालमेल हुनुपर्छ' उनको भनाइ थियो । यस्तै दिगो विकास तथा सुशासन समितिका सभापति प्रकाश पन्थले सुशासन र दीगो विकास मुलुकको प्राथमिकताको विषय भएकाले संघीय संसद मातहतका सबै समिति यस मुद्दालाई छलफल गराउने बताए । 'दीगो विकास लक्ष्य प्राप्तिमा समग्र विश्वमा १२ प्रतिशत प्रगति हासिल भएको छ, त्यसको तुलनामा नेपालको प्रगति सुधारोन्मुख नै रहेको भए पनि बाँकी अवधिमा बाँकी लक्ष्य हासिल गर्न योजना छनोट, अनुगमन र कार्यान्वयनमा विशेष ध्यान पुऱ्याउन सक्नुपर्छ ।'*

*कार्यक्रममा संसद सचिवालयका सचिव डा रोजनाथ पाण्डेले सबै प्रकारका गरिबी सबै ठाउँबाट अन्त्य गर्ने लक्ष्य बोकेको दीगो विकास लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा देशको विकास रणनीति र प्राथमिकताभन्दा बाहिर नगएको धारणा व्यक्त गरे ।*

*सोही अवसरमा राष्ट्रिय योजना आयोगका सहसचिव प्रकाश दाहालले दीगो विकास लक्ष्यको हालसम्मका प्रगति समीक्षा र भावी कार्यदिशासम्बन्धी प्रस्तुतिकरण दिएका थिए भने संयुक्त राष्ट्रसंघका नेपालस्थित प्रतिनिधि हना सिंगर ह्याम्डीले दीगो विकास लक्ष्य प्राप्तिका लागि राजनीतिक प्रतिबद्धता, कर्मचारीतन्त्रको सक्रियता तथा सरकार, सरोकारवाला, नागरिक समाज र गैरसरकारी संघ-संस्थाको सहयोग, समन्वय र सामूहिक प्रयत्नको खाँचो रहेकोतर्फ औंल्याएका थिए ।*

*यसैबीच विषय विज्ञका रूपमा जलवायु परिवर्तनसम्बन्धी विषयमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख अनिल पोखरेल, गुणस्तरीय शिक्षाको विषयमा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य डा उषा झा, विकास वित्तका विषयमा डा पारस खरेल, खाद्य सुरक्षा विषयमा पूर्वसचिव डा गणेशराज जोशीले कार्यपत्र प्रस्तुत गरेका थिए ।*

## आमा– १२



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक-साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**

"हो, त्यहाँ म तिम्रो साथ हुनेछु ।"

"त्यहाँ पनि ? हे भगवान् ।"

"कचकच नगर ।"

कुरा गर्दागर्दै त्यस आइमाईले ओढ्ने तानेर एगोरको छाती छोपिदिइन्, फेरि बडो ध्यानपूर्वक निकोलाइतिर हेरिन् र राम्ररी शीशी हल्लाइसकेपछि हेरिन् कति औषधि बाँकी रहेछ । उनी मन्द, सुरिलो आवाजमा बोल्थिन्, उनको चालढाल पनि निकै मोहक थियो । उनको अनुहारको रङ फीका थियो, काला आँखीभौंहरू झण्डै एक दोस्रोसँग जोडिन्थे । आमालाई उनको अनुहार मन परेन । उनी निकै घमन्डी देखिन्थिन्, उनका आँखामा न कहिल्यै मुस्कुराहट नै देखिन्थ्यो न त चमक नै । उनी बडो रवाफिलो तरीकाले बोल्ने गर्थिन् ।

"अहिले त हामी जान्छौं ।"- ती आइमाई भन्दै थिइन्-

क्रमशःदोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- ६, भदौ १५ गते शुक्रबार, २०८०

**सम्पादकीय**

# कलाकार यथार्थतः मान्छे हुन् कि 'गहना' ?

कलाकारहरूलाई सामान्यतः 'राष्ट्रका गहना' भन्ने गरिएको पाइन्छ। प्रगतिशील एवम् सामाजिक जागरणका गीत-सङ्गीतमा काम गर्नेहरूलाई समेत यो पदावीलीले सिँगार्ने गरिएको देखिन्छ। यथार्थतः 'गहना' कुनै निधि होइनन् र तिनको खासै सामाजिक या मानवीय योगदान पनि हुँदैन; केवल अस्थायी सिँगारपटार गर्न र धनीपनको प्रदर्शन गर्न तथा साह्रोगाह्रो परेका बेला बेचेर गर्जो टार्न मात्रै गहनाको प्रयोग हुन्छ/उपादेयता हुन्छ। अतः कलाकारलाई 'राष्ट्रका गहना' भनिनु युक्तिसङ्गत र न्यायसङ्गत देखिँदैन।

गहनाले खानु पर्दैन, लाउनु पनि पर्दैन। गहनाका घरपरिवार, बालबच्चा र आश्रितजन पनि हुँदैनन्। गहनाका आफ्नै इच्छा-आकाङ्क्षा, मर्म, दिलदिमाग र बोध-सामर्थ्य पनि हुँदैन। यसर्थ, गहनाका लागि जीविकाको कुनै प्रबन्ध गर्नु पर्दैन; केवल 'सुरक्षा' पूर्वक जोगाएर राख्न सके मात्रै पुग्दछ। तर, कलाकार मान्छे हुन्; तिनको आफ्नै दिलदिमाग हुन्छ, अनुभव-अनुभूति हुन्छ, पीडा-दर्द-खुसी सवै हुन्छन्; घरपरिवार, बालबच्चा र आश्रितजन हुन्छन्। यसकारण कलाकारहरूलाई गहनाको जस्तो 'सुरक्षा' पूर्वक थन्क्याइराखेर मात्र पुग्दैन, जीविका र नियमित बन्दोबस्तीको व्यवस्थापन अपरिहार्य हुन्छ।

कलाकार होऊन् वा अरु जोसुकै- मान्छे सवै सामाजिक प्राणी हुन्। उनलाई बाँचुन्जेल सम्मान, स्वाभिमान र जीविकाको व्यवस्थापन अत्यावश्यक हुन्छ र जीवनपर्यन्त पनि गच्छे र योगदानअनुरूपको यश, कीर्ति र नामको जरुरत पर्दछ। स्वाभाविक छ, राष्ट्रिय हैसियत भएका, फराकिलो परिचय र पहिचान बनेका तथा ठूलो तप्काका लागि योगदान पुऱ्याएकाहरूले अरुहरूको तुलनामा मृत्युपछि धेरै चर्चा पाउँछन्, इज्जत-प्रतिष्ठा र मान पनि बढी नै पाउँछन्। तर, तिनले बाँचुन्जेल भोगेको भुक्तमानबारे चाहिँ कसैलाई वास्ता हुँदैन। अतः सामाजिक योगदान गर्ने र बहुजन हिताय काम गर्नेहरूका लागि जीवित अवस्थामै इज्जत, सम्मान र जीविकाको व्यवस्थापन गरौं, सरोकारवालाहरूले ध्यान दिऔं !

## ... आमा- १२

"तर म तुरुन्तै फर्कन्छु। तपाईं एगोरलाई एक चम्चा यो औषधि पिलाइदिनुहोला र उसलाई पटक्कै बोल्न नदिनुहोला.....।"

यति भनेर निकोलाइलाई साथ लिएर उनी त्यहाँबाट हिंडिन्।

"धेरै जाती आइमाई छिन्।"- एगोरले सुस्केरा हाल्दै भन्यो - "गजबकी आइमाई छिन्... आमा, तपाईंले यस आइमाईसँग बस्ने गर्नुपऱ्यो, बिचरी असाध्यै थाक्छिन्...।"

"तिमी चुप लाग। लौ, यो औषधि पिउ...।"- आमाले बडो मायालु स्वरमा भनिन्।

उसले औषधि पियो र औषधिको तीतो स्वादले गर्दा आँखा चिम्लँदै फेरि बोल्न थाल्यो।

"चुप लागेर के फाइदा, जे भए पनि बाँच्दिन अब...।"

उसले आफ्ना खुल्ला आँखाले आमातिर हेऱ्यो र मुस्कुरायो। आमाले टाउको झुकाइन् र वेदनाले गर्दा उनका आँखा आँसुले भरिए।

"केही छैन, यो त स्वभाविक कुरा हो.....।"- रोगीले भन्यो - "मृत्युको रूपमा हामी जीवन सुखको मूल्य तिर्न बाध्य छौं...।"

आमाले उसको निधारमा हात राख्दै बिस्तारै भनिन् -

"के तिमी चुप लागेर बस्न सक्दैनौ ?"

उसले आँखा बन्द गऱ्यो, मानौं छातीको खरखराहट सुन्दै थियो।

"आमा, अब चुप लागेर फाइदा नै के छ र।"- उसले एकोहोरो जिद्दी गर्दै भन्यो - "चुप लागेर म फाइदा नै के पाउँछु र ? यही न कि अरू एकछिनको लागि मृत्युको वेदना बढ्नेछ र तपाईं जस्तो असल आइमाईसँग दुई चार कुरा गर्ने सुखबाट पनि वञ्चित हुनेछु। मलाई लाग्छ, अर्को संसारका मान्छेहरू त्यति जाती हुँदैनन् जति यस संसारका हुन्छन्...।"

"ऊ अहिले ती मेमसाहेव आउँछिन् र तिमीले कुरा गरेको देखेर मलाई गाली गर्नेछिन्।"- आमाले चिन्तित स्वरमा एगोरको कुरा काट्दै भनिन्।

"उनी मेमसाहेव होइनन्, क्रान्तिकारी हुन्, हाम्रै कामरेड हुन् र धेरै असल आइमाई छिन्। गाली त अवश्य गर्छिन्। उनी सबैलाई गाली गर्छिन्...।"

एगोरले आमालाई आफ्नो छिमेकीको जीवन कथा सुनाउन थाल्यो। स्पष्ट थियो, उनलाई बोल्न निकै मुश्किल परिरहेको छ। उसका आँखा चम्कँदै थिए र आमाले बुझिन्, ऊ उनलाई जिस्क्याउँदै छ।

'बाँच्दैन बिचरो।' उसको पसीनाले भिजेको, कालोनीलो अनुहार ध्यानपूर्वक हेर्दै आमाले सोचिन्।

लुद्मिला फर्किन् र बिस्तारै ढोका बन्द गर्दै आमातिर हेरिन्।

"तपाईंको परिचित व्यक्तिले लुगा फेरेर तुरुन्त मेरो कोठाबाट निस्किहाल्नुपर्छ, त्यसैले पेलागेया नीलोभ्ना तपाईं गएर उसको लागि लुगाहरू खोज्नोस् र यहीं लिएर आउनुहोला। बडो दुःखको कुरा हो, अहिले सोफिया यहाँ छैन, मान्छे लुकाउने काम उनी गजबले गर्छिन्।"

"उनी भोलि आइपुग्छिन्।" आमाले शल ओढ्दै भनिन्।

हरेकपल्ट जब उनलाई कुनै काम सुम्पन्थे उनी आफ्नो त्यो काम छिटो र सफलतापूर्वक पूरा गर्न कति उत्सुक हुन्थिन् भने उनी अरू सब कुरा बिर्सिदिन्थिन्।

"उसको लागि कस्तो खालको लुगा खोज्नुपर्ला ?" आमाले आफ्ना आँखीभौं खुम्च्याउँदै बडो कामकाजी तरीकाले सोधिन्।

"जस्तो भए पनि हुन्छ, केही फरक पर्दैन। ऊ राती निस्कनेछ यहाँबाट.....।"

"राती जान खतरनाक नहोला र ? सडकमा मान्छे कम हुन्छन् र पुलिस पनि बढी होशियार भएर बसेको हुन्छ, फेरि ऊ आफैं त्यति चनाखो छैन...।"

एगोर आफ्नो धोत्रे स्वरमा हाँस्यो।

"के म अस्पतालमा तिमीसँग भेट्न आउन सक्छु ?"- आमाले सोधिन्।

उसले आफ्नो सहमति जनाउँदै टाउको हल्लायो र खोक्न थाल्यो।

"हामीले पालो फेरि अस्पतालमा उसको हेरविचार गर्न पाए कस्तो होला ?"

लद्मीलाले आफ्ना काला आँखा आमातिर हेर्दै सोधिन्- "तपाईं सक्नुहुन्छ ? त्यसो भए ठीक छ। लौ त अब छिटो गएर यो काम सक्याउनोस् ...।"

उनले बडो प्रेमपूर्वक र साथसाथै बडो आदेशपूर्ण तरिकाले आमाको हात समाइन् र उनलाई ढोकासम्म पुऱ्याउन गइन्।

"मैले यसरी काम अऱ्हाएकोमा तपाईं नराम्रो नमान्नुहोला है।"- बाहिर पुगेपछि उनले भनिन् - "कुरा के हो भने अहिले उसलाई पटक्कै बोल्न दिनुहुन्न... अझ पनि ऊ बाँच्ला भन्ने मलाई आशा छ...।"

उनले यति जोडले आमाको हात दबाइन् कि औंलाहरू नै चरमराए। उनले आफ्ना थकित आँखा बन्द गरिन्। लुद्मीलाको यस स्पष्टवादीताले आमा अकमकिइन् र भनिन् -

"मलाई पनि कस्तो कुरा गर्नुहुन्छ ?"

"याद राख्नुहोला, कसैले तपाईंको पीछा गर्न नपाओस्।"- लुद्मीलाले हात उठाएर आफ्नो कन्चट मल्दै मन्द स्वरमा भनिन्। उनका ओठ काँप्न थाले र उनको अनुहारमा कोमल भावना फैलियो।

"मलाई थाहा छ।"- आमाले किञ्चित गर्वको भावनाले भनिन्।

मूल ढोकाबाट बाहिर निस्किसकेपछि आफ्नो शल ठीक पार्ने बहानाले आमा एकछिन थामिइन् र छिटोछिटो चारैतिर हेरिन्। उनी जासुसहरूलाई भयंकर भीडमा पनि चिन्न सक्थिन्। जासुसहरू हिंड्दा आवश्यकताभन्दा बढी लापरवाही देखाउँथे, उनीहरूको हाउभाउमा एक अस्वभाविक निश्चिन्तता हुन्थ्यो, उनीहरूको आँखामा अपराधीको जस्तो सतर्कता हुन्थ्यो, जुन थकावट र उराठपनाको बनावटी मुद्रामा पनि लुकाउन सकिन्नथ्यो- यी सब कुरासँग आमा राम्ररी परिचित थिइन्।

जब आमाले यस्तो कुनै मान्छे देखिनन् तब निश्चिन्त भएर सडकका अगाडि बढ्न थालिन्। उनी एउटा भाडाको गाडीमा चढिन्। गाडावालालाई बजारतिर लान भनिन्। उनले निकोलाइको लागि एउटा कोट किनिन् र धेरै बेरसम्म मोलतोल गरिरहिन्। अनि यस्तो रक्सीबाज मान्छे छ सधैं नयाँ लुगा किनिरहनुपर्छ भन्दै आफ्नो कल्पित लोग्नेलाई गाली गरिन्। उनका यी मनगढन्ते कुराको पसलेमाथि कुनै प्रभाव परेन। तर उनी आफैंलाई बडो खुशी लागिरहेको थियो किनभने उनलाई थाहा थियो, पुलिसले अवश्य पनि बजारमा आफ्नो जासुस पठाउनेछ। किनभने उनीहरूले अन्दाज लाएका हुनुपर्छ, अवश्य कसैले निकोलाइको लागि लुगा किन्न आउनेछ। बजारबाट फर्कंदा पनि आमा पहिले जस्तै बडो सीधासादा तरीकाले सतर्क रहँदै एगोरको घरभित्र पसिन्। उनी निकोलाइलाई शहरको छेउसम्म पुऱ्याउन गइन्। उनीहरू सडकको दुई पेटीमा अलग अलग जाँदै थिए। निकोलाइ टाउको झुकाउँदै गैरहेको देखेर आमालाई धेरै खुशी लाग्दै थियो र अलि हाँसो पनि लाग्दै थियो। उसको लामो आभरकोट बराबर खुट्टामा अल्झिन्थ्यो र उसको टोपी झरेर नाकसम्म पुग्थ्यो। एक सुनसान गल्लीमा साशासँग उनीहरूको भेट भयो, आमाले टाउको हल्लाएर भोसेभशिकोभलाई इशारा गरिन् र आफ्नो घर फर्किन्।

"तर पाभेल अझसम्म जेलैमा छ... आन्द्रेइ पनि...।'- आमाले सोचिन् र उदास भइन्।

आमालाई भेट्दा निकोलाइ इभानोभिच निकै चिन्तित देखिन्थ्यो।

"एगोर सिकिस्त छ।"- उसले भन्यो - "अस्पताल पुऱ्याए, भर्खरै लुद्मीला आएकी थिइन्, तपाईंलाई अस्पताल आउन भनेर गएकी छिन्...।

"अस्पताल रे"

निकोलाइ इभानोभिचले आफ्नो चश्मा ठीक पाऱ्यो र आमालाई स्वेटर लगाउन मद्दत गऱ्यो।

"लौ, यो पोका लिएर जानुहोला।"- उसले कम्पित स्वरमा भन्यो र आफ्नो तातो हातले आमाको हात दबायो - "भेसोभशिकोभको बन्दोबस्त भयो त ?"

"भयो, सब ठीक छ....।"

"म पनि एगोरलाई भेट्न आउँला......।"

थकाइले आमाको टाउको रिङ्गिन थाल्यो। निकोलाइको चिन्तित अनुहार देखेर उनलाई कुनै भयंकर घटनाको पूर्वाभास हुन थाल्यो।

"बँच्दैन होला।'- आमाको दिमागमा एउटै विचारले बारम्बार मुङ्ग्रोले जस्तो हिर्काउँदै थियो।

तर जब उनी अस्पतालको सफा, सानो उज्यालो कोठाभित्र पसिन् र एगोरलाई सेता तकियाहरूमा अडेस लाएर पल्टेको र हाँसिरहेको देखिन्, उनको मन अलि शान्त भयो। आमा मुस्कुराउँदै ढोकामा उभिएर सुनिरहिन् कसरी ऊ डाक्टरसँग कुरा गर्दै थियो।

"बिरामीको औषधि गर्नु पनि सानोतिनो सुधार गर्नु जस्तो हो.... ।"- ऊ भन्दै थियो।

"एगोर, वाहियात कुरा नगर।"- डाक्टरले चिन्तित स्वरमा भन्यो।

"तर म क्रान्तिकारी हुँ र मलाई सुधारप्रति घृणा छ ...।"

डाक्टरले बिस्तारै एगोरको हात उसको घुँडामा राखिदियो र उभियो। डाक्टर विचारमग्न हुँदै आफ्नो दाढी हल्लाउँदै थियो र रोगीको सुनिएको अनुहार औंलाले छाम्दै थियो।

आमा डाक्टरलाई चिन्दथिन्, ऊ निकोलाइको नजीकको साथी थियो। उसको नाम थियो इभान दालीलोभिच। आमा एगोरको नजीक गइन्, उसले जिभ्रो निकाल्दै आमाको स्वागत गऱ्यो। डाक्टरले पछाडि फर्केर हेऱ्यो।

"ए पेलागेया नीलोभ्ना, नमस्कार। भन्नोस्, के हो त्यो तपाईंको हातमा ?"

"किताब होला।"- आमाले भनिन्।

"उसलाई पढ्न मनाही।"- होचो कदको डाक्टरले भन्यो।

"यो मान्छे मलाई मूर्ख बनाउन चाहन्छ।"- रोगीले गुनासो गऱ्यो।

ऊ छिटोछिटो सास फेर्दै थियो र उसको छातीबाट ख्यारख्यार आवाज निस्कँदै थियो। उसको अनुहारमा पसीनाका स-साना थोपाहरू चम्कँदै थिए र उसलाई आफ्नो हात उठाएर निधारको पसीना पुछ्नसम्म पनि गाऱ्हो परिरहेको थियो। उसका सुनिएको गालामा भएको विचित्र निश्चलताले गर्दा उसको बाटुलो उदार अनुहार एक निर्जीव नकाब जस्तो लाग्थ्यो। खालि उसका आँखाहरूमा, जुन चारैतिरको सुजनले गर्दा भित्रसम्म धसिए जस्तो लाग्थ्यो एक निर्मल चमक र दयालु मुस्कुराहट थियो।

"ए पण्डित। म थाकें, एकछिन पल्टन सक्छु ?"

"हुन्न, कदापि हुन्न।"-डाक्टरले कडाइसाथ जवाफ दियो।

"ठीक छ, तिमी निस्केपछि पल्टुँला.....।"

"पेलागेया नीलोभ्ना, यसलाई पल्टन नदिनुहोला। तकिया मिलाइ दिनुहोला र कृपया उससँग कुरा नगर्नुहोला, उसलाई पटक्कै बोल्न दिन हुन्न....।"

आमाले टाउको हल्लाउँदै आफ्नो स्वीकृति प्रकट गरिन् र डाक्टर छिटोछिटो कोठाबाट बाहिर निस्क्यो। एगोरले आफ्नो टाउको पछिल्तिर लग्यो र आँखा बन्द गरेर बिलकुल निश्चल भएर पल्टियो, खालि उसका औंलाहरू मात्र बराबर काँप्थे। त्यो सानो कोठाका भित्ताहरू एकदम नीरस र निराशाजनक देखिन्थे। ठूलो झ्यालबाट लाइम रुखका झ्याम्म परेका हाँगाहरू देखिन्थे। धूलोले ढाकिएका गाढा रङका पातहरूका बीचबीचमा पहेंला दागहरू देखिन्थे- यो शरद ऋतुको क्रुर स्पर्श थियो।

"मृत्युले बिस्तारै लाज मानीमानी मलाई आफ्नो फन्दामा जकड्दै छ....।"- एगोरले आँखा नखोलिकनै भन्यो - "मृत्युलाई ममाथि बडो दया लागेजस्तो छ- भन्दै होला, कस्तो मिलनसार केटो थियो...।"

"तिमी चुप लागिदिए हुन्थ्यो, एगोर इभानोभिच।"- आमाले बडो प्रेमपूर्वक उसको हात सुमसुम्याउँदै अनुरोधपूर्ण स्वरमा भनिन्।

"एकछिन पर्ख.... एकदम चुप लागिहाल्छु.....।"

ऊ बडो कठिनाइसहित बोल्दै थियो, ऊ निस्सासिन्थ्यो र बीचबीचमा धेरैबेरसम्म चुप लाग्थ्यो।

"बडो राम्रो भयो, तिमी पनि हाम्रो साथ लागेकी छ्यौ- तिमीलाई देख्दा बडो आनन्द लाग्छ। कहिलेकाहीं म सोच्ने गर्छु... कस्तो होला यी आइमाईको भविष्य ? यो कुरा सोच्दा मलाई बडो दुःख लाग्छ... अरू जस्तै...तिमी पनि जेल पर्नेछ्यौ...। यी सब कष्टहरू सहनुपर्नेछ... तिमीलाई जेल जान डर लाग्छ ?"

"लाग्दैन।"- आमाले स्पष्ट जवाफ दिइन्।

"ठीक हो, डर त के लाग्थ्यो। तैपनि...जेल बडो भयंकर ठाउँ हो। जेलैले मलाई यस हालतमा पुऱ्याइदिएको हो। साँच्ची भन्छ्यौ भने म मर्न चाहन्न...।"

आमाले भन्न चाहिन् - 'हुनसक्छ, अझ बाँच्छौ कि ?' तर उसको मुखको भाव देखेर थामिइन्।

"म अझ पनि काम गर्न सक्थें हुँला... तर काम गर्नुहुन्न भने बाँचेर फाइदा नै के र, के मतलब र ...।"

'ठीक हो, तर चित्त बुझ्दैन।'- आमालाई आन्द्रेइको यो वाक्क एक्कासि याद आयो र लामो सुस्केरो हालिन्। दिनभरिमा आमा निकै थाकिसकेकी थिइन्, फेरि भोक पनि लाग्दै थियो। रोगीको अस्पष्ट स्वर कोठामा गुञ्जिदै थियो र यस्तो लाग्थ्यो, मानौं उसको आवाज बिस्तारै भित्तामा घिस्रिंदै छ। झ्याल बाहिर लाइम रुखहरू काला बादलका टुक्राहरू जस्ता देखिन्थे र आफ्नो उदासिन नैराश्यताले चकित पार्दै थिए। गोधूलीकालीन त्यस निश्चलतामा, रातको आगमनको अशुभसूचक आशंकाहरूमा, सब कुरामा एक विचित्र निस्तब्धता फैलिएको थियो।

"मलाई असाध्यै उकुसमुकुस लागिरहेछ।"- एगोरले भन्यो र आँखा बन्द गरेर चुपचाप पल्टियो।

"निदाउने कोशिश गर।"- आमाले भनिन् - "निदाएपछि सन्चो हुन्छ।"

आमाले उसले सास फेरेको आवाज सुनिरहिन् र चारैतिर हेरिरहिन्। केही बेरसम्म उनी व्यथित हृदय लिएर चुपचाप बसिरहिन् र बिस्तारै आफैं निदाउन थालिन्।

ढोकामा अस्पष्ट आवाज सुनेर आमा बिउँझिन्। उनले झसँग भएर चारैतिर हेरिन् र देखिन् एगोरका आँखा खुल्ला थिए।

"माफ गर, निदाएछु।"- आमाले कोमल स्वरमा भनिन्।

"माफी त मैले पो माग्नुपर्छ...।"- उसले पनि त्यत्तिकै कोमल स्वरमा भन्यो।

झ्यालबाट सन्ध्याकालीन झिसमिसे चियाउँदै थियो। कोठा चिसो थियो र सब कुरामा एक विचित्र धमिलोपना फैलिएको थियो। रोगीको अनुहार पनि अँध्यारो हुँदै गयो।

आमाले कुनै कुराको सरसराहट र लुद्मीलाको आवाज सुनिन् -

"यहाँ अँध्यारोमा बसेर तिमीहरू के खस्याकखुसुक गर्दै छौ हँ ? खोइ कहाँ हो, म त स्वीच पनि देख्दिन...।"

कोठामा एक्कासी आँखा तिरमिराउने बत्तीको प्रकाश फैलियो र बीच कोठामा कालो पोशाक लगाएकी लुद्मीलाको अग्लो तन्किएको आकृति देखा पऱ्यो।

एगोरको शरीर काँप्यो। उसले आफ्नो हात उठाएर छातीमा राख्यो।

"के भयो ?"- लुद्मीला दौडदै उसको नजीक गएर सोधिन्।

ऊ ट्वाल्ल परेर आमातिर हेर्दै थियो। अहिले उसका आँखा निकै ठूलठूला देखिन्थे र उनमा एक अनौठो ज्योति चम्कँदै थियो।

उसले मुख बाउँदै आफ्नो टाउको उठायो र हात फैलायो। आमाले उसको हात समाइन् र सासै नफेरी एकटकले उसको अनुहारमा हेर्न थालिन्। रोगीले छट्पटिदै आफ्नो टाउको हल्लायो र ठूलो स्वरमा भन्यो।

क्रमशः चौथो पृष्ठमा

# सांसद्का प्रश्न, प्रधानमन्त्रीको जवाफ

*__काठमाडौं__ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीय समावेशी लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण, अर्थतन्त्रको पुनरुत्थान र सबलीकरण, सार्वजनिक सेवामा जनताको सहज पहुँच, भ्रष्टाचार नियन्त्रण र सुशासनको प्रवर्द्धनमा सरकारको मुख्य जोड केन्द्रित रहेको बताएका छन् ।*

*प्रतिनिधिसभाको बैठकमा सांसद्हरूले राखेका प्रश्नको जवाफ दिँदै नागरिकलाई शासकीय प्रणालीप्रतिको भरोसा र सरकारप्रति विश्वास दिलाएर सबैतिर आशाको सञ्चार गराउने प्रयास सरकारले गरिरहेको प्रधानमन्त्रीले बताए । विकास निर्माणलाई गति दिन, शान्ति प्रक्रियालाई यथाशीघ्र तार्किक निष्कर्षमा पुऱ्याउन तथा स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गर्दै राष्ट्रिय हितको अधिकतम रक्षा गर्न सरकार प्रतिबद्ध रहँदै आएको उनले जिकिर गरे । प्रस्तुत छ, सांसद्हरूले राखेका प्रश्न र प्रधानमन्त्रीले दिएका जवाफ :*

प्रश्नकर्ता- उदयशमशेर राणा

*(१) उपत्यकाभित्र बढ्दो जनसङ्ख्यालाई व्यवस्थित गर्न चक्रपथ बाहिरका नगरहरू र गाउँहरूसम्म जोडिने सडक विस्तार गर्न नेपाल सरकारले मापदण्ड बनाई सडक विस्तार आयोजना बनाएता पनि आवश्यक बजेट विनियोजन नहुँदा वैकल्पिक सडक र नयाँ बस्ती विकासमा समस्या परेको छ । साथै उपत्यकाको ३५ प्रतिशत भूभाग ओगटेको ललिपुर क्षेत्र नं१ लाई जोड्ने तीनवटै सडकलाई मुआब्जा र विस्तारका लागि बजेट विनियोजन नगरी विभेद गरिएको छ । विभेद गरिएका वैकल्पिक सडक र नयाँ बस्ती विकासमा आवश्यक बजेट व्यवस्थापन गर्न सरकारको योजना के छ ?*

*(२) यतिबेला आर्थिक सूचकाङ्कहरू सकारात्मक छन् । भुक्तानी सन्तुलन पनि राम्रो छ । तर अर्थतन्त्र अवरुद्ध अवस्थामा छ । वैदेशिक लगानी र सहयोग बढ्न सकेको छैन । यस्तो अवस्थामा आन्तरिक लगानी बढाउनेतर्फ सरकारको प्राथमिकता हुनुपर्ने हो, त्यो पनि हुन सकेको छैन । एकातिर बैंक वित्तीय संस्थामा पैसा थुप्रिएको छ, तर साना तथा मझौला उद्योगहरू ऋण नपाएको गुनासो गरिरहेका छन् । अर्थ व्यवस्थाको यो असन्तुनललाई सम्बोधन गर्न सरकारको तयारी के छ ? साथै, प्रधानमन्त्रीको आउँदो चीन भ्रमणका प्राथमिकता र एजेन्डा के के हुन् ?*

प्रधानमन्त्रीको उत्तरः

काठमाडौं उपत्यकामा पूर्वाधार निर्माणका आयोजना कार्यान्वयनका लागि चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा रकम विनियोजन गरिएको छ । ललितपुर क्षेत्र नं १ लाई जोड्ने विभिन्न सडकको विस्तार र जग्गाको मुआब्जाका लागि आवश्यक बजेट व्यवस्था गर्न सरकारले ध्यान दिनेछ । उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी अर्थतन्त्रको पुनरुत्थान तथा उच्च, दिगो समावेशी आर्थिक वृद्धि हासिल गर्ने र समष्टिगत आर्थिक स्थायित्व कायम गरी लगानीको वातावरणमा सुधार गर्न सरकार क्रियाशील छ ।

सरकारले चालेका सुधारात्मक कदमबाट अर्थतन्त्र बिस्तारै लयमा फर्किन सुरु गरेको छ । नेपाल राष्ट्र बैङ्कले हालै प्रकाशन गरेको प्रतिवेदनअनुसार, अर्थतन्त्रका सूचकाङ्कहरू सकारात्मक दिशातर्फ उन्मुख छन् । २०८० असार मसान्तसम्म शोधनान्तर स्थिति रु दुई सय ९० अर्ब ५२ करोडले बचतमा छ । विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको तुलनामा २६ दशमलव छ प्रतिशतले वृद्धि भई रु एक हजार पाँच सय ३९ अर्ब ३६ करोड पुगेको र यसले करिब १० महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने अवस्था रहेको छ । विप्रेषण आयमा २१ शमलव दुई प्रतिशतले वृद्धि भई एक हजार दुई सय २० अर्ब ५६ करोड पुगेको छ । वैदेशिक लगानी प्रवर्द्धन गर्न नीतिगत र संस्थागत सुधार गर्दै वैदेशिक लगानीको स्वीकृति प्रक्रियालाई सहजीकरण गर्न थ्रेसहोल्ड घटाउने लगायतका कार्य अगाडि बढाइएको छ ।

जग्गाको कित्ताकाट पूर्णरूपमा खुलाउने निर्णय भएको र यही भदौ ११ गते मात्रै नेपाल राष्ट्र बैङ्कले लचिलो बजार नीतिअनुसार चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन संशोधन गरेको छ । उत्पादनमूलक उद्योगका लागि रु तीन करोडसम्म कर्जा उपयोग गर्ने ऋणीलाई चालु पूँजी कर्जासम्बन्धी मार्गदर्शन लागू नहुने भएको छ । बैङ्कहरूले उद्योग, व्यवसाय वा कम्पनीहरूको सञ्चालन चक्र लगायतका आधारमा अधिकतम वार्षिक कारोबारको ५० प्रतिशतसम्म चालु पूँजी कर्जा दिन सक्ने व्यवस्था भएको छ । यसबाट उद्योग, व्यवसाय क्षेत्रलाई प्रत्यक्ष लाभ हुनाका साथै आन्तरिक लगानी, उत्पादन वृद्धि र बजारमा आर्थिक गतिविधि बढ्नमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

निकट भविष्यमा हुने मित्रराष्ट्र चीनको भ्रमण दुई देशबीचको ऐतिहासिक सम्बन्धलाई थप उचाइमा पुऱ्याउँदै नेपालको सामाजिक आर्थिक विकासका लागि चीन-नेपाल सम्बन्धलाई नयाँ गति दिने दिशामा केन्रि>त रहनेछ । भ्रमणका क्रममा यसअघि भएका सम्झौता र समझदारीको कार्यान्वयनमा जोड दिइने छ । नेपाल र चीनबीचको आर्थिक तथा व्यापार सम्बन्धलाई थप सघन बनाउने, दुई देशबीच रहेका सीमा नाकाहरूको सञ्चालनलाई प्रभावकारी बनाउने र नयाँ नाकाहरू खोल्ने विषय रहनेछन् । यसैगरी सडक, ऊर्जा, कृषि, विज्ञान तथा प्रविधि तथा व्यापार र विकास सहायता क्षेत्रमा कनेक्टिभिटी, कृषि, शिक्षा र स्वास्थ्य क्षेत्रका रूपान्तरणकारी परियोजनाहरूमा चीनको सहयोग विस्तारको विषयसमेत प्राथमिकतामा रहनेछ ।

प्रश्नकर्ता : ईश्वरीदेवी न्यौपाने

*(१) लोकतन्त्रमा शासन विधि र पद्धतिको हुन्छ कि व्यक्तिको ? यदि विधि र पद्धतिको हुन्छ भने राज्यका निकायमा व्यक्ति परिवर्तनले खासै ठूलो अर्थ नराख्नुपर्ने हो । तर हाम्रोमा मन्त्री या कर्मचारी परिवर्तन गरेर मात्रै सुशासन सम्भव छ भन्ने जस्तो भाष्य निर्माणको कोसिस किन हुँदैछ ?*

*(२) हाम्रोजस्तो सुन्दर, शान्त देश नेपालमा एक सय ३१ भाषाभाषी, एक सय ४२ जातजाति बसोबास गर्छन् । यो विविधता हाम्रो पूँजी हो र यसलाई बचाएर राख्नु हामी सबैको कर्तव्य र दायित्व हो । 'सयौं थुँगा फूलका हामी एउटै माला नेपाली' बोलको हाम्रो राष्ट्रिय गानको भाव र मर्मप्रति मेरो अटल विश्वास छ । वर्गीय राजनीतिको सैद्धान्तिक वकालत गर्ने पार्टी नेता एवं प्रधानमन्त्री स्वयं सहभागी भएर बनाएको संविधानको रक्षासँगै यसको कार्यान्वयन तथा पालना गर्ने प्रतिबद्धतासहितको शपथ लिएर अहिले देशको कार्यकारी प्रमुखमा हुनुहुन्छ । तर हालै प्रधानमन्त्रीज्यूले 'यदि हामीले निर्वाचन जितेको खण्डमा जातीय राज्य उपलब्ध गराउँनेछौं भनी दिएको सार्वजनिक अभिव्यक्ति यो संविधानको भावना अनुकूल छ । जातीय, भाषिक र धार्मिक द्वन्द्व न्यूनीकरण गर्नेभन्दा झन् बल्झाउने अभिव्यक्ति सुन्दा कतै प्रधानमन्त्रीलाई नै यो संविधान र शासन व्यवस्थाप्रति अनास्था वा अविश्वास बढेर त होइन रु यसबारे स्पष्ट पारिदिनु हुन्छ कि ?*

*(३) सुदूरपश्चिम सरकारले आफ्नै भवनबाट कार्यसञ्चालन गर्न कहिलेदेखि पाउँछ ?*

प्रधानमन्त्रीको उत्तरः

लोकतान्त्रिक विधि र पद्धतिको विकासमार्फत सामाजिक न्याय र सुशासनसहितको समृद्धि हासिल गर्ने दिशामा सरकारका क्रियाकलाप केन्द्रित छन् । सरकार विधिको शासनमा पूर्णतः प्रतिबद्ध छ ।

बहुजातीय बहुसांस्कृतिक विविधता बोकेको नेपालमा सदियौंदेखि विभिन्न जातजाति, वर्ण, धर्म र संस्कृतिका जनता आपसी सहकार्य, सम्मान र गहिरो सद्भावका साथ मिलीजुली बस्दै आएका छन् । अनेकतामा एकता नेपाली मात्रको विशिष्टता र नेपाली समाजको आधारभूत चरित्र हो । सबैको सहअस्तित्व कायम गर्दै मौलिकताको संरक्षण र संवर्द्धनमा नै हाम्रो राष्ट्रिय एकता दिगो, दरिलो भई साँचो अर्थमा राष्ट्रियता बलियो हुने हुन्छ । नेपालको कानुनले हरेक व्यक्ति र सम्प्रदायलाई अरूको धर्म, संस्कृति र आस्थामा चोट नपुऱ्याई आ-आफ्नो धर्म, संस्कृतिको पालना गर्ने स्वतन्त्रता प्रदान गरेको छ ।

अतः परापूर्वकालदेखि यहाँ कायम रहिआएको सामाजिक एकता, सद्भाव र सामाजिक सहअस्तित्वमा खलल पार्ने कुनै पनि किसिमको कार्य हुन नदिन सरकार दृढ प्रतिबद्ध छ । सामाजिक सद्भावमा खलल पार्ने वा एकअर्काको संस्कृति र धर्मविरुद्ध हुने द्वेषपूर्ण कार्यलाई सरकारले छुट दिने छैन । नेपालको संविधानको पूर्ण पालना गर्नु हामी सबैको साझा दायित्व हो ।

सुदूरपश्चिम प्रदेशको राजधानी गोदावरीमा निर्माण गर्ने सन्दर्भमा जग्गा प्राप्ति लगायतका विषय प्रक्रियामा रहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

प्रश्नकर्ता : ऐनबहादुर शाही

*(१) सम्माननीय प्रधानमन्त्रीज्यूको आसन्न चीन भ्रमणमा नेपालका उत्तरी सीमासँग जोडिएका नाकाहरू खोल्ने एजेन्डामा मुगुको नाक्चेलाग्ना छ कि छैन रु छैन, भने एजेन्डामा समावेश गरियोस् यो नाका खुलेमा मुगुलगायत समग्र कर्णाली प्रदेशमा नै आर्थिक रूपमा समृद्धि ल्याउने छ ।*

*(२) आर्थिक समृद्धिको महत्वपूर्ण क्षेत्र कर्णाली प्रदेशका रारा लगायतका पर्यटकीय स्थानहरूमा पर्यटन पूर्वाधारलगायत विभिन्न समस्या हुँदा पर्यटकहरूको आवागमनमा कमी भएको छ यसमा सरकारको योजना के छ ?*

*(३) कर्णाली राजमार्ग अन्तर्गतको नाग्म-गमगदी कालोपत्र र गमगदी नाक्चेलग्ना सडक निर्माणलाई सरकारले कस्तो प्राथमिकतामा राखेको छ र कहिलेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ?*

प्रधानमन्त्रीको उत्तरः

(१) मेरो आसन्न चीन भ्रमणका दौरान चीन र नेपालबीच नयाँ व्यापारिक नाका खोल्ने विषयमा समेत छलफल हुने छ ।

(२) पर्यटनको विकासका लागि आवश्यक पूर्वाधार निर्माणका कार्य सरकारको उच्च प्राथमिकतामा छन् । रारा लगायतका पर्यटकीय स्थलको विकासका लागि सङ्घीय स्रोतबाट सञ्चालन हुने कार्यक्रमका अतिरिक्त प्रदेश तथा स्थानीय तहबाट समेत आ-आफ्ना कार्य क्षेत्रभित्र रही पूर्वाधार निर्माण तथा पर्यटन प्रवर्द्धनका कार्यहरू सञ्चालनमा रहेका छन् ।

(३) नाग्मागमगढी र गमगढी नाक्चेलाग्ना सडकलाई उच्च प्राथमिकतामा राख्दै हाल विभिन्न खण्डहरूमा कार्य भइरहेको जानकारी गराउँदछु । हाल नाग्मा गमगढी सडक कालोपत्र र ग्राभेल स्तरमा स्तरोन्नति गर्ने गरी निर्माण कार्य भइरहेको छ । त्यसैगरी गमगढी नाक्चेलाग्नामा १२ किमी निर्माणको कार्य भइरहेको छ ।

प्रश्नकर्ता : ऋषिकेश पोखरेल

*(१) राष्ट्रिय गौरवका आयोजनामध्ये दुईवटा पूरा भएको देखिन्छ । माथिल्लो तामाकोशी, गौतम बुद्ध एयरपोर्ट । यस्तै पाँचवटाको ७५ प्रतिशत माथि काम भएको देखिन्छ । हुलाकी सडक, पशुपति क्षेत्र, लुम्बिनी क्षेत्र विकास कार्यक्रम, पोखरा विमानस्थल र मेलम्ची खानेपानी अरू १७ वटाको अवस्था के छ, कहिले पूरा हुन्छन् ?*

*(२) प्रविधि र ज्ञानविना दैनिक दुई हजार पाँच सय युवा विदेश जाँदैछन्, प्रविधि र उद्यमशीलता विकास गरी प्रौद्योगिक शिक्षा दिने उद्देश्यका साथ स्थापनाको लक्ष्य लिएको मदन भण्डारी प्रद्यौगिक विश्वका लागि अघिल्लो सरकारले पूर्वाधार निर्माण तथा विकास समिति गठन गरेको सात करोड बजेट छुट्टिएको राष्ट्रिय महत्वको योजना आज कहाँ छ र कहिले पूरा हुन्छ ?*

प्रधानमन्त्रीको उत्तरः

राष्ट्रिय गौरवका आयोजनालाई समयमै सम्पन्न गर्न पर्याप्त बजेट सुनिश्चित गरिनाका साथै नियमित अनुगमन भइरहेको छ । म स्वयंले प्रधानमन्त्री कार्यालयमा रहेको एक्सन

क्रमशः पाँचौं पृष्ठमा



# ... आमा– १२

"होइन, होइन। खेल खतम भयो....।"

उसको शरीर बिस्तारै काँप्यो, कमजोर टाउको काँधमा लत्रियो, खाटमाथि झुन्डिएको बत्तीको निर्जीव प्रकाशको प्रतिबिम्ब उसका खुला आँखामा पर्दै थियो।

"बिचरो।"- आमाले अस्पष्ट स्वरमा भनिन्।

लुद्‌मीला बिस्तारै पलङबाट हटिन् र झ्याल अगाडि उभिएर बाहिरतिर हेर्न थालिन्।

"मर्‍यो...।"- उसले एक्कासि जोडले भनिन्। आमालाई उनको स्वर एकदम अपरिचित लाग्यो। लुद्‌मीला झ्यालको तख्तामा कुहिनो अडाएर झुकिन् र एक्कासि मानौं कसैले अकस्मात उनको टाउकोमा हिर्काएसरि घुँडाले टेकेर बसिन् र दुवै हातले मुख छोपेर क्वाँक्वाँ रुन थालिन्।

आमाले एगोरको दुवै हात उसको छातीमा राखिदिइन् र तकियामा उसको टाउको सीधा पारिन्। अनि आँसु पुछ्दै लुद्‌मीलाको नजीक गइन्। आमाले लुद्‌मीलातिर झुक्दै बडो प्रेमपूर्वक उनको बाक्लो कपाल सुमसुम्याइन्। लुद्‌मीलाले बिस्तारै आमातिर आफ्नो टाउको फर्काइन्, उनका मलिन आँखा आश्चर्यजनक रूपमा फैलिए, उनी उभिइन् र कम्पित स्वरमा भनिन् -

"निर्वासनमा हामी दुवै जना सँगसँगै थियौं, सँगसँगै त्यहाँ गएका थियौं र जेलमा पनि सँगसँगै थियौं...। कहिलेकाहीं त त्यहाँको वातावरण भयंकर हुन्थ्यो एकदम असह्य हुन्थ्यो। कतिले त हिम्मत पनि हारे...।"

उनी फेरि डाँको छोडेर रुन थालिन्, एक छिनपछि उनले जबरजस्ती आफूलाई काबूमा ल्याइन्। उनी आमाको अझ नजीक सरिन्। प्रेम र वेदनाको भावनाले कोमल भएको उनको अनुहार हेर्दा उनी अझ बढी तरुनी लाग्थिन्।

"तर ऊ सधैं हँसिलो देखिन्थ्यो।"- उनी छिटोछिटो सानो स्वरमा भन्दै थिइन्।

उनी अझ पनि सुँक्कसुँक्क गर्दै थिइन् - "ऊ चाहिं सधैं हाँसिरहेको हुन्थ्यो, ठट्टा गरिरहेको हुन्थ्यो... कमजोर मान्छेहरूलाई प्रोत्साहित गर्न आफ्नो वेदना कहिल्यै प्रकट हुन दिंदैनथ्यो। सधैं अर्काको ध्यान राख्थ्यो, धेरै दयालु थियो र सबैलाई मद्दत गर्थ्यो.... त्यहाँ साइबेरियामा बेकारीले गर्दा मान्छेहरू अक्सर बिग्रन्छन्, आफ्नो कुत्सित भावनाको शिकार बन्छन्। यस्ता प्रवृत्तिहरूको विरुद्ध संघर्ष गर्न ऊ उत्साहित थियो।... तपाईंलाई थाहा छैन, ऊ कस्तो गजबको कमरेड थियो। उसले आफ्नो जीवनमा दुःख सिवाय अरू केही भोगेन, तर कसैले कहिल्यै उसले गुनासो गरेको सुनेन। कहिल्यै सुनेन। हाम्रो बीच गाढा मित्रता थियो, मलाई उसले धेरै गुन लाएको छ, उसले आफ्नो अपार ज्ञान भण्डारबाट जे जति कुरा दिन सक्छ मलाई सब कुरा दियो, तर ऊ आफैं एक्लो थियो जिन्दगीमा धेरै सहनुपरेको थियो। तर बदलामा ऊ न त कहिल्यै प्रेमको माग गर्थ्यो, न त कहिल्यै उसको हेरबिचार गरियोस् भन्ने नै चाहन्थ्यो...।"

लुद्‌मीला एगोरको लाश अगाडि गएर उभिइन् र झुकेर उसको हातमा म्वाइ खाइन्।

"साथी, मेरो प्यारो साथी, असल साथी- धन्यवाद- म तिमीलाई हृदयदेखि धन्यवाद दिन्छु।"- उनले शान्त व्यथित स्वरमा भनिन् - "विदा। म तिमीजस्तै काम गर्दै जानेछु- आफ्नो जिन्दगीभर अटल विश्वाससहित अथक परिश्रम गर्दै जानेछु।... अलविदा।"

रुवाइले गर्दा उनको सम्पूर्ण शरीर काँप्दै थियो। उनले एगोरको पाइतलानेर पलङमा आफ्नो टाउको राखिन्। आमा चुपचाप आँसु बगाउँदै थिइन्, रुन चाहन्नथिन्, लुद्‌मीलालाई सान्त्वना दिन चाहन्थिन्, उनलाई कुनै विशेष, तीव्र प्रेमद्वारा सुमसुम्याउन चाहन्थिन्, एगोरबारे प्रेम र वेदनाले भरिएका शब्दहरू भन्न चाहन्थिन्। आँसुले भरिएका आँखाले आमाले एगोरको सुनिएको अनुहार र आधा खुलेका आँखातिर हेरिन्। यस्तो लाग्थ्यो ऊ अझ पनि उँघिरहेको छ, आमाको दृष्टि उसको नीलो ओठमा पर्‍यो जहाँ अझ पनि मुस्कुराहट फैलिएको थियो। त्यस निस्तब्ध कोठामा एक वेदनापूर्ण प्रकाश फैलिएको थियो।

इभान दानीलोभिच सधैंजस्तो हताहतार सानो कदम राख्दै आइपुग्यो। ऊ एक्कासि बीच कोठामा थामियो र खल्तीमा हात घुसार्दै उभियो।

"कति बेर भयो ?"- उसले हडबडाउँदै जोडले सोध्यो।

कसैले उसलाई जवाफ दिएन। डाक्टर आफ्नो निधारको पसीना पुछ्दै, लड्खडाउँदै एगोरको नजीक गयो र उसको हात दबायो, अनि एकातिर हटेर उभियो।

"कुनै आश्चर्यको कुरा छैन, उसको जस्तो कमजोर हृदय भएको मान्छेको लागि त कम्तीमा पनि छः महीना अगाडि नै सब कुरा खतम हुनुपर्थ्यो...।"

उसको उँचो, ज्यादा चर्को स्वर, जुन ऊ जबरजस्ती शान्त पार्ने कोशिश गर्दै थियो एक्कासि रुन्चे भयो। ऊ भित्ताको सहारा लिएर उभियो र हडबडाहटमा जोडले आफ्नो दाढी निमोठ्दै पलङको छेउमा बसेका ती दुई आइमाईहरूलाई हेरिरह्यो।

"फेरि अर्को एकजना।"- उसले बिस्तारै भन्यो।

लुद्‌मीलाले झ्याल खोलिन्। एक छिनपछि ती तीनै व्यक्ति झ्याल अगाडि उभिए र एकदोस्रोसँग टाँसिएर शरद् रात्रीको अन्धकारमा हेर्न थाले। रुखहरूका काला हाँगाहरू माथि तारा जगमगाइरहेका थिए र आकाशको अनन्त बिस्तारलाई अझ बढी अन्धकारमय बनाइरहेको थियो...।

लुद्‌मीला आमाको हात समाएर चुपचाप उनको काँधको सहारा लिंदै उभिएकी थिइन्। डाक्टर टाउको झुकाएर उभिएको थियो र आफ्नो चश्मा सफा गर्दै थियो। निस्तब्धतालाई चिर्दै शहरको रात्रिकालीन शिथिल आवाज आउँदै थियोहिस्। एक झोक्का चिसो हावा आयो र उनीहरूको केशसँग खेल्न थाल्यो। लुद्‌मीला काँपिन्, उनका आँखाबाट आँसुका थोपाहरू झर्दै थिए। बाहिर बरण्डाबाट मान्छेहरूको दबेको, भयभीत आवाज सुनिंदै थियो- कोही कराउँदै थियो त कोही खस्याकखुसुक गर्दै थियो, फेरि कसैले खुट्टा घिसार्दै हिंडेको आवाज सुनियो। तर ती तीन व्यक्तिचाहिं झ्याल अगाडि यथावत चुपचाप उभिएका थिए र रातको अन्धकारमा हेर्दै थिए।

आमालाई लाग्यो अब उनको यहाँ जरुरत छैन, उनले बिस्तारै लुद्‌मीलाको हातबाट आफ्नो हात छुटाउइन् र एगोरको बिछ्यौना अगाडि गएर टाउको झुकाइन् त्यसपछि सरासर ढोकातिर लागिन्।

"तपाईं जाँदै हुनुहुन्छ ?"- डाक्टरले टाउको नफर्काइकनै सोध्यो।

"हो...।"

बाहिर पुगेपछि आमाले लुद्‌मीलाबारे सोच्न थालिन्। आमालाई याद आयो कसरी उनले जबरजस्ती आफ्नो रुवाइ रोकेकी थिइन्।

'रुनसम्म पनि पाउँदैन...।'

मृत्युशøयामा एगोरले भनेका कुराहरू सम्झेर आमाले लामो सुस्केरा हालिन्। सडकमा बिस्तारै हिंड्दै उनले उसका चम्किला आँखा, उसको हँसिलो स्वभाव र उसले सुनाएका रोचक कथाहरू सम्झिरहिन्।

'असल मान्छेलाई बाँच्न गाह्रो पर्दो रहेछ, तर मर्नचाहिं सजिलो...म कसरी मरुँला...?'- आमा मनमनै सोच्दै थिइन्।

अनि आमाले मनमनै कल्पना गरिन् त्यो सेतो कोठाको झ्याल अगाडि उभिएर लुद्‌मीला र डाक्टर बाहिर हेर्दैछन्, एगोरको मृत आँखा उनीहरूलाई पछाडिबाट एकटकले हेर्दै छन्। एक्कासि उनको हृदयमा समस्त मानवताप्रति एक गहन वेदनाको आँधी उर्लन थाल्यो। लामो सुस्केरा हाल्दै आमा छिटो हिंड्न थालिन्। कुनै अज्ञात प्रेरणाले उनलाई छिटो हिंड्न वाध्य गर्दै थियो।

'मैले छिटो पुग्नुपर्छ।'- उनले सोचिन्, जुन उदास तर साहसपूर्ण शक्तिले उनलाई भित्रैदेखि प्रेरित गर्दै थियो। त्यस शक्तिको अगाडि उनले आत्मसमर्पण गरिन्।

भोलिपल्ट आमा अन्त्येष्टि क्रियाको बन्दोबस्त मिलाउने काममा लागिन्। बेलुका उनी सोफिया र निकोलाइसँग बसेर चिया पिउँदै थिइन्। त्यसैवेला साशा आइपुगिन्, आज उनी विचित्र रूपले चञ्चल देखिन्थिन् र खुब कुरा गर्दै थिइन्, उनको गलामा हर्षको लाली चढेको थियो, आँखा उल्लासले चम्कँदै थिए र यस्तो लाग्थ्यो, मानौं उनी कुनै आल्हादपूर्ण आशाले ओतप्रोत छिन्। उनीहरू जुन शोकपूर्ण शान्त वातावरणमा एगोरबारे कुरा गर्दै थिए। साशाको यस उच्श्रृंखलताले एक्कासि भङ गरिदियो। उनको व्यवहार पूर्णतः असंगत थियो र यो कुरा उनीहरूलाई मन परेन। यस्तो लाग्थ्यो मानौं अन्धकारमा अकस्मात आगोको ज्वाला दन्किंदै छ। निकोलाइ विचारमग्न हुँदै टेबुलमा औंलाले टकटक गर्दै थियो।

"साशा, के भयो हँ ? तपाईं आज बिलकुल अर्कै मान्छे देखिनुहुन्छ।"- उसले भन्यो।

"हो र ? हुनसक्छ।"- उनले जवाफ दिइन् र मस्तीले हाँस्न थालिन्।

आमाले तिरस्कारपूर्ण दृष्टिले साशालाई हेरिन्।

सोफियाले साशालाई याद दिलाउने विचारले भनिन् -

"हामी एगोर इभानोभिचबारे कुरा गर्दै थियौं...।"

"कस्ता गजबका मान्छे थिए, होइन त।"- साशाले भनिन् - "मैले उनलाई सधैं मुस्कुराइरहेको र हाँसी ठट्टा गरिरहेका देखें। अनि कति मेहनती थिए त। उनी क्रान्तिको कलाकार थिए र महान् क्रान्तिकारी कलाकार थिए। हिंसा झूठ र अन्यायको चित्रण उनी सधैं कति सीधासादा र जोरदार शब्दहरूमा गर्थे।"

उनी बडो शान्त स्वरमा बोल्दै थिइन्। केही सोच्दै मुस्कुराउँथिन्, तर त्यस मुस्कुराहटको पछाडि हर्षोल्लासको त्यो ज्वाला लुकेको थियो, जुन सबैले देखिरहेका थिए।

जसको कारण कसैले बुझ्न सकिरहेको थिएन।

उनीहरू चाहँदैनथे, साशाको उल्लासले उनीहरूको उदासीको ठाउँ लेओस् र उनलाई पनि आफूहरू जस्तै उदास बनाउने प्रयत्न गर्दै अनजानमै आफ्नो व्यथित हुने अधिकारको रक्षा गर्दै थिएन...।

"अब उनी मरिसकेका छन्।"- सोफियाले अर्थपूर्ण दृष्टिले साशातिर हेर्दै भनिन्।

साशाले छिटोछिटो उनीहरूतिर प्रश्नसूचक दृष्टिले हेरिन्, उनका आँखीभौं खुम्चिए। उनी टाउको निहुराएर चुप लागिन् र बिस्तारै आफ्नो चुल्ठो मिलाउन थालिन्। एकछिन चुप लागिसकेपछि उनले एक्कासी टाउको उठाएर उनीहरूतिर हेरिन्।

"मरिसके रे ? मर्नुको अर्थ के हो ? को मर्‍यो, के एगोरप्रतिको मेरो आदर मर्‍यो, उनीप्रतिको माया, एक कमरेडका विचारहरूसम्बन्धी मेरो सम्झना मर्‍यो ? के ती भावनाहरू मरे जुन उनले मेरो हृदयमा जगाएका थिए, के एक साहसी, इमान्दार व्यक्तिको रूपमा उनीसम्बन्धी मेरो सम्झना मर्‍यो ? के यी सब कुरा खत्तम भए त ? मलाई विश्वास छ, मेरो लागि यी सब कुरा कहिल्यै मर्न सक्दैन, मलाई लाग्छ, फलानो मान्छे मर्‍यो भन्ने घोषण गर्न हामी एकदम हतारो गर्छौं। हो, उनका ओठ निर्जीव छन्, तर उनका शब्दहरू जीवितहरूको हृदयमा सदा जीवित रहनेछन्।"

आफ्नो भावावेशमा उनी फेरि टेबुल अगाडि आएर बसिन् र टेबुलमा आफ्नो कुहिनो अडाएर आँसुले भरिएका आँखाहरूले आफ्ना साथीहरूतिर हेर्दै मुस्कुराइन् र विचारमग्न हुँदै अत्यन्त शान्त स्वरमा भन्न थालिन् -

"हुनसक्छ तपाईंहरूलाई मेरो कुरा वाहियात जस्तो लाग्ला, तर साथीहरू, इमान्दार मान्छेहरू अमर हुन्छन् भन्ने कुरामा मलाई विश्वास छ, मलाई लाग्छ ती व्यक्तिहरू जसले मलाई यो शानदार जीवन बिताउने सुख प्रदान गरे उनीहरू अमर छन्- यस्तो जीवनले जुन आफ्नो आश्चर्यजनक जटिलताले, आफ्नो विविधताले र ती विचारहरूको विकासले जुन मेरो लागि प्राणभन्दा पनि प्यारो छ, मलाई लठ्ठ तुल्याउँछ। हुन सक्छ हामीलाई आफ्ना अनुभूतिहरू जोगाउने बानी परिसकेको छ, आफ्ना विचारहरूलाई आवश्यकताभन्दा बढी महत्त्व दिन्छौं र त्यसैले हाम्रो व्यक्तित्व पूर्णतः विकसित हुन पाउँदैन। स्वभावतः हामी कुनै कुरा हृदयले अनुभव गर्नुको सट्टा उनको विवेचना गर्न थाल्छौं......।"

"आज के त्यस्तो खुशीयाली पर्‍यो तपाईंलाई ?"- सोफियाले मुस्कुराउँदै सोधिन्।

"हो।"- साशाले टाउको हल्लाउँदै जवाफ दिइन् - "मलाई लाग्छ धेरै खुशीको कुरा छ। म रातभरि भेसोभशिकोभसँग कुरा गर्दै थिएँ। अगाडि मलाई ऊ पटक्क मन पर्दैनथ्यो- धेरै अशिष्ट र उल्लू लाग्थ्यो। हुन पनि त्यस्तै थियो। उसको हृदयमा प्रत्येक व्यक्तिप्रति एक घृणित अवहेलनाको भावना रहन्थ्यो। ऊ सधैं सब कुरामा आफैंलाई सबैभन्दा बढी महत्त्व दिन्थ्यो र अत्यन्त नीच र क्रुद्ध तरिकाले म.. म... म।" मात्र भनिरहन्थ्यो। यी सब कुरा एक अत्यन्त घृणित कूपमण्डूकता र खिज्याइ हुन्थ्यो...।"

उनी मुस्कुराइन् र चम्किला आँखाले चारैतिर हेरिन्।

"तर अब ऊ 'कमरेड।' भनेर सम्बोधन गर्छ र तपाईंहरूले सुनेर हेर्नुपर्छ कस्तो गजबको उच्चारण गर्छ ऊ यो शब्द।" अलि लाज मान्दै कति प्रेमपूर्वक भन्छ भने म शब्दमा बयान गर्न सक्दिन। अब ऊ एकदम सीधासादा बनिसकेको छ र कति इमान्दार छ भने सधैं कामैबारे मात्र सोचिरहन्छ। अब उसले आफूलाई चिनिसकेको छ, आफ्नो शक्ति र कमजोरी बुझिसकेको छ। सबैभन्दा ठूलो कुरा त के हो भने उसको हृदयमा भाइचाराको वास्तविक भावना पैदा भैसकेको छ.......।"

साशाको कुरा सुनेर आमालाई धेरै खुशी लाग्यो, ती कठोर युवतीलाई यति कोमल र हँसिली भएको देख्दा आमालाई बडो आनन्द लागिरहेको थियो। तर कतै गहिराइमा, भित्र अन्तस्करणमा तीतो भावना फड्फडाउँदै थियो -

'अनि पाभेल नि ....?'

"ऊ अब खालि आफ्ना साथीहरूबारे मात्र सोचिरहेको हुन्छ।"- साशा भन्दै थिइन् - "तपाईंहरूलाई थाहा छ ऊ मलाई के कुरा मनाउने कोशिश गर्दै थियो ? भन्दै थियो जेलमा भएका साथीहरूलाई भाग्ने बन्दोबस्त मिलाउनुपर्छ। ऊ भन्दै थियो यो काम एकदम सजिलोसँग गर्न सकिन्छ.....।"

सोफियाले टाउको उठाएर हेरिन् र उत्सुकतापूर्वक सोधिन् -

"साँच्ची साशा, ठीकै त कुरा गर्दैछ ऊ, तपाईंको के विचार छ नि ?"

आमाको हातको चियाको कप काँप्यो। साशा आँखीभौं खुम्च्याएर आफ्नो उत्सुकता लुकाउने कोशिश गर्दै थिइन्।

"यदि उसले भनेको कुरा ठीक हो भने हामीले कोशिश गरेर हेर्नुपर्छ यो हाम्रो कर्तव्य हो।"- एकछिन चुप लागिसकेपछि बडो आनन्दले मुस्कुराउँदै भनिन्।

अचानक उनी लज्जाइन् र चुपचाप मेचमा बसिन्।

'बिचरी, कठै, मेरी प्यारी बच्ची।'- आमाले मुस्कुराउँदै सोचिन्। सोफिया पनि मुस्कुराइन् र निकोलाइ साशातिर फर्केर बिस्तारै हाँस्यो। केटीले आफ्नो टाउको उठाइन्, गम्भीरतापूर्वक सबैको अनुहारमा हेरिन्। उनको अनुहार फीका भयो, आँखा चम्किए, रुखो र रुष्ट स्वरमा भनिन् -

"मलाई थाहा छ किन तपाईंहरू हाँस्दै हुनुहुन्छ।"- उनले भनिन् - "तपाईंहरू ठान्नुहुन्छ यसमा मेरो निजी स्वार्थ छ।"

"किन तपाईं यस्तो सोच्नुहुन्छ, साशा ?"- सोफियाले बडो धूर्त तरीकाले सोधिन् र उठेर उनको नजीक गइन्। आमाले पनि बुझिन्, साशाको लागि यो प्रश्न अप्रिय थियो र यस्तो प्रश्न सोध्ने कुनै आवश्यकता थिएन। आमाले लामो सुस्केरा हालिन् र रोषपूर्वक सोफियातिर हेरिन्।

"यदि त्यस्तो ठान्नुहुन्छ भने म चुप लाग्छु।" साशाले उत्तेजित हुँदै भनिन् - "म यस विषयमा अब एक शब्द बोल्दिन, यदि तपाईंहरू यस्तै ठान्नुहुन्छ भने.....।"

"साशा, के कुरा गर्नुहुन्छ तपाईं पनि।"- निकोलाइले बिस्तारै भन्यो।

आमा पनि साशाको नजीक गइन् र उनको कपाल सुमसुम्याउन थालिन्। साशाले आमाको हात समाइन् र आफ्नो रातो अनुहार उठाएर लज्जित हुँदै उनको अनुहारमा हेरिन्। आमाले केही भन्न सकिनन् खालि मुस्कुराएर लामो सुस्केरा हालिन्। सोफिया साशाको छेउमा राखिएको एउटा मेचमा बसिन् र उनको काँधमा आफ्नो हात राखिन् अनि एक रहस्यमय मुस्कुराहटसहित उनको आँखामा हेर्दै भनिन् -

"तपाईं गजबको मान्छे हुनुहुँदो रहेछ, साशा।"

"हो, मैले उल्लू कुरा गरें जस्तो लाग्छ... ।"

"किन तपाईंले यस्तो ठान्नुभएछ हँ ?"- सोफियाले सोधिन्। तर निकोलाइ बीचैमा उनको कुरा काट्दै गम्भीरतापूर्वक भन्यो -

"यदि सम्भव छ भने उनीहरूको भाग्ने बन्दोबस्त मिलाउनुपर्छ भन्ने कुरामा दुई मत हुन सक्दैन, तर सबैभन्दा पहिले हामीले थाहा पाउनुपर्छ जेलमा रहेका साथीहरू आफैं भाग्न सहमत छन् कि छैनन् ?"

साशाले टाउको निहुराइन्।

सोफियाले चुरोट सल्काइन् र भाइलाई कर्केर हेर्दै सलाई निभाएर एउटा कुनातिर हुत्याइन्।

"उनीहरू त किन नमानुन् र।"- आमाले सुस्केरा हाल्दै भनिन्। "तर मलाई त विश्वास लाग्दैन, यस्तो गर्न सकिएला र ...?"

सब चुप थिए, आमाचाहिं आशा गर्दै थिइन् कसैले भन्नेछ, होइन किन नहुनु र ...।

"म भेसोभशिकोभसँग भेट्न चाहन्छु।" सोफियाले भनिन्।

"भोलि म तपाईंलाई खबर गरुँला कहिले र कहाँ उसँग भेट्न सकिन्छ।"- साशाले भनिन्।

"कुन काममा लाग्दै छ ऊ अब ?"- कोठामा ओहोर-दोहोर गर्दै सोफियाले सोधिन्।

"उसलाई नयाँ प्रेसमा कम्पोजिटरको काममा लगाइनेछ। त्यतिञ्जेल ऊ वन पालेको घरमा बस्नेछ।"

साशाका आँखीभौं खुम्चिए र अनुहार यथावत गम्भीर बन्यो, स्वर पनि रुखो थियो।

"पर्सि तपाईं पाभेललाई भेट्न जानुहुँदा उसलाई एउटा चीट दिनुहोला।"- निकोलाइले आमाको नजीक गएर भन्यो। आमा चियाका कपहरू माज्दै थिइन्। "कुरा के हो भने, हामीले थाहा पाउनुपर्छ...।"

"बुझें, बुझें।" आमाले हतारहतार भनिन् - "हुन्छ त उसलाई चीट दिउँला...।"

"लौ त म पनि हिंड्छु।" साशाले भनिन् र छिटोछिटो सबैसँग हात मिलाएर बाहिर निस्किन्। उनी तन्किएर हिंड्दै थिइन् र अहिले उनको कदममा एक असाधारण दृढता थियो।

साशा निस्केपछि सोफियाले आमाको काँधमा हात राखिन् र उनी बसेकी मेच हल्लाउँदै सोधिन् -

"नीलोभ्ना यदि तपाईंकी यस्ती बुहारी भएकी भए माया गर्नुहुन्थ्यो ?"- सोफिया मुस्कुराउँदै थिइन्।

"हे भगवान् एक दिन मात्र भए पनि मैले उनीहरू दुवै जनालाई सँगै देख्न पाए।"- आमाले निराश स्वरमा भनिन्, उनको घाँटी अठ्यियो।

"हो अलिकति खुशीले कसैलाई हानि हुँदैन...।"- निकोलाइले बडो कोमलतासाथ भन्यो - "तर अलिकति सुखले कसैलाई सन्तोष पनि हुँदैन, अनि जब कुनै कुरा धेरै हुन थाल्छ, तब त्यसको महत्त्व घट्न थाल्छ... ।"

...क्रमशः

# सांसद्का प्रश्न...

रुमबाट नियमित तवरमा कार्यतालिका बनाएर कार्य प्रगतिको जानकारी लिई कार्य सम्पादनका लागि आवश्यक निर्देशन दिँदै आएको छु। राष्ट्रिय गौरवका आयोजनामध्ये दुईवटा सम्पन्न भएका, १४ वटाको प्रगति ८० प्रतिशतभन्दा माथि रहेको, पाँच वटाको प्रगति ५० देखि ८० प्रतिशतसम्म रहेको र दुईवटाको प्रगति ५० प्रतिशत छ।

हुलाकी राजमार्गका सम्बन्धमा चितवन र पर्सामा राष्ट्रिय निकुञ्ज क्षेत्रमा डिपिआर तयार लगायतका कार्यमा भएको ढिलाइका कारण यो आयोजनाको कार्य आगामी ३ वर्षभित्र सम्पन्न गर्ने नयाँ लक्ष्य निर्धारण गरिएको छ।

पशुपति क्षेत्र विकास कोष आयोजनाको भौतिक प्रगति ६६ प्रतिशत भई समष्टिगत वित्तीय प्रगति ६५ दशमलव ७३ रहेको छ। लुम्बिनी विकास गुरुयोजनाको हालसम्मको भौतिक प्रगति ८८ प्रतिशत र वित्तीय प्रगति ६० दशमलव ३४ रहेको छक ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको प्रारम्भिक चरणको कार्यहरूमात्र भइरहेको र लगानी एवं निर्माणको उपयुक्त मोडालिटी भएपश्चात् विमानस्थल निर्माण प्रक्रिया अगाडि बढाइनेछ। यस आयोजनाका लागि चालू आर्थिक वर्षमा रु ३५ करोड विनियोजन भएको छ।

मेलम्ची खानेपानी आयोजनामा साउनमा आएको बाढीले पुनः हेडवर्क्स पुर्नाका साथै मेलम्ची बजारदेखि हेडवर्क्ससम्मको पहुँच मार्गमा क्षति पुगेको छ। मनसुन रोकिएको डेढ महिनाभित्र क्षतिग्रस्त संरचनाको मर्मतसम्भार गरी मेलम्चीको पानी वितरणलाई सञ्चालन गरिनेछ।

सञ्चालनमा रहेका अन्य राष्ट्रिय गौरवका आयोजनाहरूलाई यथाशीघ्र सम्पन्न गर्न सरकारले जोड दिँदै आएको छ। मिति २०७७ साल साउन १२ गते मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय विकास समिति गठन भएको हो। समितिको समयावधि २ वर्ष रहेकामा सो अवधि समाप्त भएकाले नयाँ गठन आदेश जारी गरी विश्वविद्यालयको आवश्यक पूर्वाधार तयार गर्ने लगायतका कार्य अगाडि बढाइनेछ। यस विश्वविद्यालयलाई चालु आर्थिक वर्षमा रु दुई करोड बजेट विनियोजन गरिएको छ।

प्रश्नकर्ता : आशा विक

*(१) सरकारले २०६३ साल जेठ २१ गते छुवाछूतमुक्त राष्ट्र घोषणा गऱ्यो। छुवाछूतलाई गैरकानुनी भने पनि अहिलेसम्म जघन्य जातीय विभेदका घटना भइरहेका छन्। सरकारले छुवाछूतलाई उन्मूलन गर्न कस्ता कदम चालिरहेको छ ? सरकारले दलितहरूको न्यूनतम मानवअधिकार रक्षा गर्न के पहल गर्छ रु जातीय विभेदका घटना प्रहरी प्रशासनले संवेदनशीलताका साथ उजुरी नलिएको अवस्था छ। सरकारले यस्ता घटना न्यूनीकरण गर्न के योजना ल्याउँछ ?*

*(२) बाँकेको बैजनाथ गाउँपालिका-३ मा सरकारले २०७१ वैशाख २५ गते नौवस्ता औद्योगिक करिडोर क्षेत्र घोषणा गऱ्यो। बस्तीको बीचमा सरकारले औद्योगिक क्षेत्र घोषणा गर्दा त्यहाँ रहेका तीन सय ९० घरधुरी जनता कहिले सरकारले उठाउँछ भनेर त्रासमा बाँचिरहेका छन्। त्यहाँ रहेको पाँच सय ३८ बिगाहा जमिनमध्ये एक सय बिगाहा जमिन त्यहाँ रहेका स्थानीयका नाममा ल्याउनुपर्ने माग रहेको छ। २०२८ सालदेखि बसोबास गरिरहेका जनतालाई लालपुर्जा दिनुपर्ने र सोही ठाउँमा बस्ती व्यवस्थापन गर्न सरकारले के भूमिका खेल्छ ? स्थानीय सरकारले त्यस क्षेत्रमा सडक, बत्ती, विद्यालय, मठमन्दिर लगायतका संरचनाहरू बनाएको छ। त्यो बस्तीलाई सोही ठाउँमा सरकारले कहिले व्यवस्थापन गर्छ ?*

*(३) बाँकेको खजुरा गाउँपालिका- ६ मा २०२६ सालदेखि गिजराबस्ती बसिरहेको छ। सरकारले पटक-पटक त्यस बस्तीलाई लालपुर्जा दिने भनेर मौखिक प्रतिबद्धता जनाए पनि हालसम्म त्यहाँ रहेका जनताले लालपुर्जा पाएका छैनन् गिजराबस्ती सरकारको ऐलानी जग्गा र टन्डनको चिनी मिल रहेको क्षेत्रमा बसोबास गरेका छन् सरकारले बत्ती, पानी, विद्यालय लगायतका संरचना बनाएको छ। त्यस क्षेत्रका जनतालाई लालपुर्जा कहिले वितरण हुन्छ ?*

*(४) सङ्घीय गणतन्त्रात्मक राष्ट्र घोषणा भइसकेको अवस्थामा सुदूरपश्चिम प्रदेशको राजधानी बन्छ वा बन्दैन के यही हो गणतन्त्र रु बन्ने भए कहाँ बन्छ रु प्रदेशसभाबाट घोषणा भएको गोदावरी राजधानी बन्छ कि बन्दैन ? बन्ने भए कहिले बन्छ ? किन घोषणा गरेको ? हिजो तपाईंहरूको पार्टी र एमाले पार्टीको संयुक्त घोषणा गर्दै गर्दा आज किन मौन ? जनता जान्न चाहन्छन्।*

प्रधानमन्त्रीको उत्तर

नेपालको संविधानले छुवाछूत तथा भेदभावविरुद्धको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। जातका आधारमा गरिने छुवाछूत तथा भेदभावजन्य कार्यलाई गम्भीर सामाजिक अपराधका रूपमा लिँदै कानुनबमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको प्रत्याभूति गरेको छ।

सरकार यो मौलिक हकको पूर्ण कार्यान्वयनका लागि प्रतिबद्ध छ। यद्यपि मौलिक हकहरूको कार्यान्वयनका लागि सबै तहबाट अझै घनिभूत प्रयास आवश्यक छ। जातीय विभेदका घटनामा प्रहरी प्रशासनले संवेदनशीलताका साथ उजुरी नलिएको भन्ने कुरामा सरकारको गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता घटनाको छानबिन गरी दोषीलाई कारबाही गरिने र यस्ता घटना आगामी दिनमा हुन नदिन सरकारले पूर्ण ध्यान दिनेछ।

बाँकेको साबिक नौबस्ता क्षेत्रको पाँच सय २५ बिगाहामा औद्योगिक क्षेत्र घोषणा भइसकेको र त्यहाँ बसोबास गर्दै आएका स्थानीयवासीको उचित व्यवस्थापन लगायतका समस्या समाधानका लागि सम्बन्धित स्थानीय प्रशासनलगायत विभिन्न निकायबाट पहल भइरहेको छ। उक्त क्षेत्रका प्रभावित जनसमुदायहरूको समस्यालाई व्यवस्थापन गरी औद्योगिक क्षेत्रको विकास कार्य अघि बढाइनेछ। यससम्बन्धी समस्या समाधान गर्न भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको संयोजकत्वमा समिति गठन गरेको र समितिले काम अघि बढाएको जानकारी गराउँदछु। बाँकेको खजुरा गिजुरा-६ गिजरा बस्तीका सन्दर्भमा भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ को समितिको प्रतिवेदन, भूमि व्यवस्थापन तथा अभिलेख विभागको निर्णयबमोजिम गिजरा खाँडसारी मिल्स प्रालिका हदबन्दीभन्दा बढीका जग्गाहरू जफत गरी नेपाल सरकारका नाममा कायम गर्न र जफत गरिएका जग्गामा रहेको अतिक्रमण हटाउन २०८० साल जेठ ८ गते निर्णय भई कार्यान्वयनमा रहेको छ। उक्त क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीनलाई जग्गा उपलब्ध गराउन भूमि समस्या समाधान आयोगले कार्य अघि बढाएको जानकारी गराउँदछु।

सुदूरपश्चिम प्रदेशको राजधानी गोदावरीमा निर्माण गर्ने सन्दर्भमा जग्गा प्राप्ति लगायतका विषय प्रक्रियामा रहेको ब्यहोरा जानकारी गराउन चाहन्छु।

प्रश्नकर्ता : उर्मिला माझी

*(१) नेपाल कृषि प्रधान देश हो, यहाँका ६५ प्रतिशत बढी जनसङ्ख्या कृषिमै आश्रित देखिन्छन्, तर पछिल्लो अवधिमा नेपालको उत्पादनको हिस्सा घट्दै गएको मात्र होइन, सामान्य भान्सामा प्रयोग हुने सबै चीज आयातमा भर पर्नुपर्ने बाध्यता खडा हुँदै गएको छ। कृषि क्षेत्रमा लगानी अत्यधिक हुने तर प्रतिफल अत्यन्तै न्यून हुने प्रक्रियाले गर्दा कृषिप्रति मानिसको आकर्षण र लगाव निरन्तर घट्दो छ, सरकारले उत्पादन वृद्धि गर्न र जनतालाई कृषिमै जीवन देख्ने गरी कृषि पेसालाई गर्विलो पेसा बनाउन कस्तो योजना निर्माण गर्दैछ।*

प्रधानमन्त्रीको उत्तरः

सबल आत्मनिर्भर अर्थतन्त्रको निर्माणका लागि कृषि क्षेत्रमा गुणात्मक र रूपान्तरणकारी परिवर्तन सरकारको प्राथमिकतामा रहेको छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउन कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायिकीकरणलाई सरकारले उच्च जोड दिँदै आएको छ। कृषि क्षेत्रमा विगतदेखि लगानी गर्दै आएको र यसबाट उत्पादन र उत्पादकत्वमा समेत केही वृद्धि भइरहे पनि अपेक्षित प्रतिफल प्राप्त हुन नसक्नुका कारणहरू पहिल्याउँदै उत्पादकत्व वृद्धिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायत प्रदेश र स्थानीय तहमार्फत उल्लेख्य रकम विनियोजन गरी कृषि क्षेत्रमा पर्याप्त साधन स्रोत परिचालन गर्ने नीति लिएको छ।

कृषि उत्पादनको वृद्धिका लागि सिँचाइको सुविधाको विस्तारलाई जोड दिइनाका साथै रासायानिक मलको आपूर्ति समयमै हुने कुराको सुनिश्चितता गरिएको छ। साथै, कृषि बाली वस्तुहरूको विशेष उत्पादन क्षेत्र जस्तै जोन, सुपरजोन, उन्नत बीउबिजनको विकास, उत्पादन तथा वितरणका लागि एकीकृत राष्ट्रिय कार्यक्रम सञ्चालनमा रहेको छ। कृषि उपजको बजार सुनिश्चितताका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

त्यसैगरी दूध तथा मासुमा आत्मनिर्भरताका लागि पशु नस्ल सुधार, आहारा व्यवस्थापन तथा पशु स्वास्थ्य सुधारका कार्यक्रम सञ्चालनमा रहेका छन्। बाँझो जमिनमा कृषि प्रवर्द्धन कार्यक्रम, फलफूल क्षेत्र विकास तथा ग्रामिण कृषि उद्यम विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्। कृषि उत्पादन क्षेत्रको जोखिम व्यवस्थापन गर्न कृषि बीमा कार्यक्रम सञ्चालनमा रहेको छ जसअन्तर्गत बीमा प्रिमियममा ८० प्रतिशत अनुदान सङ्घीय सरकारले उपलब्ध गराउने गरेको छ।

कृषि क्षेत्रमा लगानी बढाउन सहुलियत दरमा कृषि कर्जाको विस्तार तथा दायरा बढाउँदै लगिएको छ। उत्पादित कृषि वस्तुको बजारको सुनिश्चितताका लागि धान, गहुँ, उखु लगायतका बालीको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने लगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। कृषि पेसालाई सम्मानजनक र मर्यादित बनाउन कृषकहरूलाई नियमित तवरमा पुरस्कृत गर्ने कार्यक्रमहरू जस्तै राष्ट्रपति कृषक पुरस्कार कार्यक्रम सञ्चालनमा छ। कृषि पेसालाई दिगो, दरिलो र गर्विलो बनाउन सरकार प्रतिबद्ध छ।

प्रश्नकर्ता : एकनाथ ढकाल

*(१) सर्वोच्च अदालतले दोषी ठहर गरेकालाई सर्वोच्च अदालतको फैसलाको पूर्ण पाठ नआउँदै आम माफीले चोख्याउने कोसिस भयो, अदालतमा विचाराधीन रहेका मुद्दाहरूलाई किनारा नलाग्दै आफैँ न्यायालय र न्यायाधीश बनेर भैलो गाउँदै सरकार हिँड्छ। सर्वोच्च एउटा फैसला गर्छ अनि सरकार ठीक त्यस्को विपरीत किन ?*

*(२) छोराका हत्यारलाई कारबाहीको माग गर्दै तीन सय ३० दिन आमरण अनशनमा बसेका गोरखाका नन्दप्रसाद अधिकारीको अनशनमै २०७१ असोज ६ गते निधन भयो। न्यायका लागि जीवन आहुति दिने अधिकारीलाई शहीद घोषणा गर्नुपर्नेमा विगत ९ वर्षदेखि उनको पार्थिव शरीर अस्पतालमै सडेको छ। मृतक नन्दप्रसादकी धर्मपत्नी गङ्गामाया अधिकारी अहिलेसम्म पनि बेहाल अवस्थामा सत्य र न्यायको प्रतीक्षामा छिन्, सरकारको नीति तथा कार्यक्रमको एक सय ७६ बुँदामा शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम २ वर्षमा सम्पन्न गरिने उल्लेख छ। सम्माननीय प्रधानमन्त्रीज्यूलाई मेरो प्रश्न यो छ कि मृतक नन्दप्रसादकी धर्मपत्नी गङ्गामाया अधिकारीको मागको सम्बोधन कहिले र कसरी गर्नुहुन्छ, वर्षौंदेखि न्यायका लागि भनेर शान्तिपूर्ण अनशन बसेको गङ्गामाया अधिकारीलाई भेट्नु प्रधानमन्त्रीज्यूको कर्तव्य हो कि होइन, कहिले उहाँलाई भेट गर्न जानुहुन्छ ?*

प्रधानमन्त्रीको उत्तरः

यो सरकार विधिको शासनमा पूर्णतः प्रतिबद्ध छ। जनताको स्वतन्त्रताँ, समानता, सहअस्तित्व र मानवाधिकारको रक्षाका लागि सरकार निरन्तर प्रतिबद्ध छ। सरकारले अदालतको निर्णयको सदैव सम्मान गर्दै कार्यान्वयनमा तदारुकता देखाउँदै आएको छ।

नेपालको संविधानको धारा २७६ मा राष्ट्रपतिले कुनै न्यायिक वा अर्धन्यायिक निकाय वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई कानुनबमोजिम माफी, मुल्तबी, परिवर्तन वा कम गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ। संविधानको उक्त व्यवस्था र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा समेत रहेको व्यवस्थाबमोजिम रेशमलाल चौधरीले गृह मन्त्रालयमार्फत सम्माननीय राष्ट्रपतिज्यूलाई सम्बोधन गरी निवेदन दिनु भएकामा महान्यायाधिवक्ताको कार्यालयको राय समेतका आधारमा प्रचलित कानुनबमोजिम नै नेपाल सरकार, मन्त्रिपरिषद्बाट गणतन्त्र दिवस, २०८० का अवसरमा निज रेशमलाल चौधरीलाई माफी गर्नका लागि सिफारिस गरिएको हो।

द्वन्द्वकालीन घटनालाई न्यायिक सम्बोधन गर्ने गरी सङ्क्रमणकालीन न्याय सम्पादनका लागि बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग गठन भएको र सङ्क्रमणकालीन न्याय यथाशीघ्र सम्पादन गर्न नेपाल सरकार प्रतिबद्ध रहेको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी सङ्घीय सदनमा दर्ता भएको विधेयक पारित भएसँगै सङ्क्रमणकालीन न्यायको मुद्दाहरू सम्बोधन हुने कुरामा नेपाल सरकार विश्वस्त रहेको छ।

प्रचलित कानुनी व्यवस्थाको अधीनमा रही नेपाल सरकार तथा अन्तर्गतका निकायबाट गङ्गामाया अधिकारीलाई मानवीय सेवा प्रदान र संरक्षणका कार्य भइरहेका छन्। अस्पतालको विवरणअनुसार निजको स्वास्थ्य अवस्था सामान्य नै रहेको र उपचारका लागि सरकारले रु ३७ लाख ४७ हजार उपलब्ध गराएको छ।

प्रश्नकर्ता : आस्मा चौधरी

*(१) आँखा पाक्ने रोग वडा, पालिका, जिल्ला हुँदै देशैभरि फैलिरहेको छ। धेरै पालिकामा विद्यालयहरू बन्द गरिएका छन्। यसबाट अत्यधिक बालबालिका प्रभावित भएका छन्। स्वास्थ्य मन्त्रालय यसको निराकरणका लागि के गर्दैछ ?*

*(२) नेपालले आर्थिक वर्ष २०७९/८० मा भारतलाई १० अर्ब ४५ करोड रूपैयाँको बिजुली बिक्री गरेको छ। उक्त वर्ष १९ अर्ब ४४ करोड रूपैयाँको बिजुली किनेको छ। सरकारले किन ढाँट्दै छ, दोब्बर आपूर्ति भइराछ भन्न किन डराउँछ रु त्यही बिजुली हामीले किन्दा महँगो र बेच्दा सस्तो किन्छ ?*

प्रधानमन्त्री उत्तरः

देशका विभिन्न भागमा आँखा पाक्ने सङ्क्रामक रोग नियन्त्रण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले देशभरका अस्पतालबाट अभियान सञ्चालन गरिरहेको छ। समुदायस्तरमा जनचेतना वृद्धि गर्न प्रचारप्रसारका कार्यका साथै सङ्क्रमितहरूलाई सहज रूपमा औषधोपचारको व्यवस्था मिलाइएको छ। यसका साथै स्वास्थ्य सेवा विभागका महानिर्देशकको अध्यक्षतामा सङ्घीय द्रुत प्रतिकार्य समितिको गठन भई रोकथाम र प्रबन्धनका विभिन्न कार्यहरू भइरहेका छन्।

हाल नेपालको कूल जडित विद्युत् क्षमता करिब दुई हजार आठ सय मेगावाट पुगेको छ। तर मुलुकको विद्युत् उत्पादनको परिमाण हिउँद र बर्खायाममा एकनासको छैन। बर्सातको तुलनामा हिउँदमा विद्युत् उत्पादनमा निकै ह्रास आई झन्डै एक तिहाइमात्र हुने गर्दछ। हाल विद्युत् उत्पादन र मागका आधारमा विद्युत्को निर्यात र आयातको व्यवस्था मिलाउने गरिएको छ। खासगरी हिउँदयाममा नदी प्रवाहमा आधारित विद्युत् प्रणालीबाट उत्पादित विद्युत्मा ठूलो ह्रास आउने हुँदा छिमेकी मुलुकबाट बिजुली आयात गरी आन्तरिक माग धान्नुपर्ने स्थिति छ।

आगामी केही वर्षभित्रै विद्युत्मा आत्मनिर्भर हुने उद्देश्यले स्वदेशमै पर्याप्त बिजुली उत्पादन गर्न विभिन्न स्तरका आयोजनाको निर्माणलाई अघि बढाइनाका साथै विद्युत् प्रसारण तथा वितरण प्रणालीको कामलाई विस्तार गर्दै लगिएको छ। अहिले विद्युत् आयात-निर्यातको दर दैनिक रूपमा प्रतिस्पर्धा गरी तय हुने गरेको छ।

यस वर्ष तुलनात्मक रूपमा हिउँदको समयमा अधिक सुक्खा हुनगई देशभित्रका विद्युत् आयोजनाहरूबाट विद्युत् उत्पादन कम हुन गएको छ। अघिल्लो आर्थिक वर्षमा नेपाल विद्युत् प्राधिकरणले एक हजार आठद सय ५४ गिगावाट आवर विद्युत् रु १८ अर्ब ५४ करोडमा आयात गरेको थियो भने नेपालबाट एक हजार तीन सय ३३ गिगावाट आवर विद्युत् निर्यात गरी रु १० अर्ब ४३ करोड आम्दानी गरेको थियो। गत वर्षको तुलनमा यस वर्ष विद्युत् निर्यातमा वृद्धि भएको छ र क्रमशः विद्युत् उत्पादन बढ्दै जाँदा विद्युत्को निर्यात पनि बढ्दै जाने कुरा जानकारी गराउन चाहन्छु।

रुस र युक्रेन युद्धका कारण कोइलाको आपूर्ति असहज भई छिमेकी मुलुकमा विद्युत्को उत्पादन लागत बढ्न गएकाले पनि स्वदेशमा विद्युत्को उत्पादन कम हुने समयमा आन्तरिक माग पूरा गर्न प्राधिकरणले केही महँगो मूल्यमा बिजुली आयात गर्नुपरेको कुरा स्पष्ट पार्न चाहन्छु।

प्रश्नकर्ता उर्मिला थेबे

*(१) शिक्षाको लागत क्रमशः घटाउँदै गएर निःशुल्क पार्नु पर्नेमा, यो सरकारले त शुल्क झन् झन् बढाइरहेको देखिन्छ। शिक्षाको पहुँचबाट गरिबलाई अझ परै धकल्ने नीति सरकारले किन लिँदै छ ? सङ्घीय शिक्षा विधेयक संसद्मा कहिले दर्ता गर्नुहुन्छ ?*

*(२) प्रत्येक दिन हाजिरी गर्न क्याम्पस आउनुपर्ने भएपछि त्रिभुवन विश्वविद्यालयका केही प्राध्यापकले विद्युतीय हाजिरी मेसिन नै घर लगेको, गायब गरेको साथै तोडफोड गरेको पाइएको छ। कति लाजमर्दो खबर हो, सरकारले के गर्दै छ ?*

*(३) ताप्लेजुङमा अविरल वर्षापछि आएको बाढीका कारण विस्थापित भएका स्थानीय बासिन्दा अहिले पानी त्रिपालमुनि बस्न बाध्य भएका छन् भने विद्यार्थीहरू व्यक्तिको घरमा आश्रय लिएर पढ्न बाध्य छन्। उनीहरूको उद्धार र राहतका लागि सरकारको के योजना छ ?*

प्रधानमन्त्रीको उत्तरः

आम नागरिकलाई गुणस्तरीय र सर्वसुलभ शिक्षा उपलब्ध गराउन सरकार प्रतिबद्ध छ। विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक छिट्टै नै संसद्मा पेस गरिनेछ।

नेपालको संविधानमा उल्लेख भएबमोजिम आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निशुल्क उपलब्ध गराउनका लागि सरकारले निःशुल्क पाठ्यपुस्तक, आवासीय, गैरआवासीय, लक्षित समूह लगायतका विभिन्न प्रकारका छात्रवृत्ति, स्यानिटरी प्याड, दिवा खाजा लगायतको व्यवस्था गरेको छ।

क्रमशः छैटौं पृष्ठमा

# टुहुरेलाई...

सक्रिय भएर जनतालाई जागृत गर्न, सङ्गठित गर्न प्रयत्न गर्थ्यौं, कोरा विचार-प्रवाहबाट जनसमुदायलाई संगठित गर्न निकै कठिन हुन्थ्यो' प्रचण्डले थपे- 'तर, जब साहित्यकार एवं सङ्गीतकर्मीको प्रस्तुति हुन्थ्यो, जनतामा विशेष प्रकारको अनुराग र आकर्षण हुन्थ्यो ।'

सोही कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले टुहुरेको स्मृति, जीवन र कार्य समेत समाविष्ट गरी प्रकाशित भएको 'जनबोलीका अविश्रान्त गायक जेबी टुहुरे' शीर्षक स्मृतिग्रन्थ लोकार्पण गरे । पुस्तकमा वरिष्ठ राजनीतिकर्मी, लेखक, साहित्यकार एवं उनीसँग प्रत्यक्ष सम्बन्ध र सहकार्य गरेका बौद्धिक व्यक्तित्वका साथै घनिष्ठ मित्र र नातेदारका विचार र भावना समेटिएको छ ।

वि.सं. २००१ मा मोरङमा जन्मिएका जुठबहादुरले सांगीतिक क्षेत्रमा प्रवेशसँगै आफूलाई जेबी टुहुरेका रूपमा स्थापित गराएका थिए । पञ्चायती व्यवस्था र राजतन्त्रविरूद्ध सांस्कृतिक एवं सांगीतिक आन्दोलनको नेतृत्व गरेका टुहुरेका सयौं गीत-संगीत सार्वजनिक छन् । 'आँधीखोलैले,' 'छोराहरू हो,' 'सहिदको रात,' 'आमा दिदी बहिनी हो' सहितका उनका दर्जनौ गीतले राष्ट्रिय उनलाई गायक रूपमा स्थापित गराए । २०७८ भदौ १० मा टुहुरेको निधन भएको थियो ।

टुहुरेको स्मृति समारोहमा पूर्वप्रधानमन्त्री झलनाथ खनाल, उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईलगायत उपस्थित थिए । कार्यक्रम विभिन्न सांस्कृतिक प्रस्तुतिका साथ सम्पन्न भएको थियो ।

# सांसद्का प्रश्न...

सार्वजनिक विद्यालयमा कुनै किसिमको शुल्क लिन नपाउने व्यवस्था छ । स्थानीय तहहरूले समेत आफ्नो बजेटबाट शिक्षामा थप लगानी गरेका छन् । उच्च शिक्षा अन्तर्गत चिकित्सा शिक्षामा सरकारी लगानीका संस्थाहरूमा कूल सिटको ७५ प्रतिशत सिटमा विद्यार्थीहरूले निःशुल्क अध्ययन गरिरहेका छन् । सार्वजनिक शिक्षालाई निःशुल्क बनाई सबैको पहुँचमा पुर्‍याउनका लागि थप स्रोतको व्यवस्था गर्न सरकार प्रयत्नशील छ ।

स्वायत्त निकायको रूपमा त्रिभुवन विश्वविद्यालयका काम कार्यवाहीहरू त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम सञ्चालनमा रहेका छन् । विश्वविद्यालयको हाजिरी व्यवस्थापन सम्बन्धमा विश्वविद्यालयको आन्तरिक प्रशासनले नियमन गरिरहेको र नियमबमोजिम नभएका कार्यहरूमा सम्बन्धितलाई कानुनबमोजिम कारबाही हुने नै छ ।

ताप्लेजुङलगायत मुलुकका विभिन्न भागमा अविरल वर्षाको कारण आएको बाढी पहिरामा परी विस्थापित हुन पुगेका जनतालाई स्थानीय प्रशासनको सहयोगमा उद्धार गरी सुरक्षित स्थलमा बसोबासको व्यवस्था मिलाइएको छ । उनीहरूलाई सरकारबाट उपलब्ध गराउनुपर्ने राहत उपलब्ध गराइएको छ । मौसममा सुधार आएसँगै उनीहरूको पुनःस्थापनको उचित व्यवस्था मिलाइनेछ ।

प्रश्नकर्ता : ईश्वरी घर्ती

*(१) रोल्पालाई मुख्य आधार इलाका बनाएर दशवर्षे सशस्त्र द्वन्द्वको सुरुआत गर्नुभएको प्रधानमन्त्रीज्यू तीन पटक प्रधानमन्त्री हुँदा पनि रोल्पालीको जनजीवनमा परिवर्तन आउने गौरवका योजना दिन सक्नु भएन । राल्पालीको त्यो ऐतिहासिक सहयोग प्रधानमन्त्री भएपछि बिर्सनु भयो भन्ने रोल्पालीको गुनासो छ । त्यो गुनासोलाई कसरी सम्बोधन गर्नुहुन्छ ?*

*(२) जुम्लामा स्याउ पाक्ने समय आयो, केही दिनपछि यसले बजार भाउ नै नपाउने अवस्था आउन सक्छ र कतिले बजार पनि नपाउने हुन सक्छ । यसको व्यवस्थापन कसरी, सरकारको प्लान के छ ?*

*(३) दश वर्षे सशस्त्र द्वन्द्वको क्रममा शहीद भएकाहरूको सम्झना र सम्मानका लागि दाङको घोराहीदेखि रोल्पाको होलेरी, घर्तीगाउँ हुँदै रुकुम पूर्वको हुकाम मैकोटसम्म पुग्ने दुई सय २० किमी सडक खण्डलाई वर्तमान सम्माननीय प्रधानमन्त्रीको चाहना र पहलमा सहिद मार्ग नामकरण गरेर योजना अगाडि बढाइएको थियो । बजेट अभावमा योजना निकै कछुवा गतिमा भई अझ सम्पन्न हुन सकेको छैन । शहीद मार्गको मुख्य प्रवेशद्वारका रूपमा रहेको घोराहीदेखि रोल्पा होलेरी सम्मको ३१ किलोमिटरको सडक खण्ड अलपत्र र जोखिमपूर्ण भएको लामो समय बितिसक्यो । यसबारे सदनमा मैले तीन-चार पटक कुरा राखिसकैं । तर सरकारले यो योजनालाई प्राथमिकतामा पारेन किन ?*

*(४) रोल्पाको रुम्टीगढी गाउँपालिकाभित्र अहिले चारवटा चुनढुङ्गा खानी सञ्चालनमा छन् भने थप चारवटा खानी दर्ता भएर सञ्चालनको प्रक्रियामा छन् । हाल दुई सय बढी टिपर सञ्चालनमा छन् भने पुरानो र नयाँ गरी आठवटा चुनढुङ्गा खानी सञ्चालनमा आउँदा दिनमा कम्तीमा पाँच सयदेखि सात सयसम्म टिपर घोराही होलेरीको यही सहिद मार्ग भएर सञ्चालनमा आउने छन् । जसले गर्दा उक्त सडकमा अन्य गाडीहरू सञ्चालनमा आउन निकै बाधा पर्ने र हाल बाधा परिरहेको पनि जानकारी गराउँछु । त्यसैले सो क्षेत्रमा वैकल्पिक औद्योगिक मार्ग बनाउने र घोराही होलेरीको ३१ किलोमिटर सडकलाई कालोपत्र गर्दै सहिद मार्ग योजना समयमै सम्पन्न गर्न सरकारको के योजना छ, म सम्माननीय सभामुखज्यूमार्फत सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रश्न गर्दछु ।*

प्रधानमन्त्रीको उत्तरः

नेपालको राजनीतिक आन्दोलनमा रोल्पा जिल्लाको विशिष्ट र ऐतिहासिक योगदान रही आएकामा कसैको विमति छैन । इतिहासका हरेक कालखण्डमा रोल्पाली जनताको वीरता र साहसको उच्च प्रशंसा हुनेछ । रोल्पाको समग्र विकास र जनताको जीवनस्तरमा रूपान्तरणका लागि विगतदेखि नै उच्च प्राथमिकता दिँदै आएको छु । मानव विकासमा पछाडि रहेका कर्णाली प्रदेश, सुदूर पश्चिम प्रदेश, मधेस प्रदेश, रोल्पा, रुकुमलगायतका जिल्ला तथा क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउन र ती क्षेत्रमा पूर्वाधारका संरचनाको विकासका लागि सरकारले प्राथमिकताका साथ कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

जुम्ला जिल्लाको विकासलाई सरकारले प्राथमिकतामा राख्दै सरकारले स्याउको सुपर जोन तथा पकेट क्षेत्रहरू घोषणा गरी आवश्यक सहयोग तथा सहुलियत प्रदान गरिएको छ । यस वर्षको बजेट तथा कार्यक्रममा प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना लगायतका कार्यक्रम तथा प्रदेश तथा स्थानीय तहको विकास कार्यक्रमबाट उत्पादन, प्रशोधन तथा प्याकेजिङमा आवश्यक सहयोग तथा सहुलियत प्रदान गरिएको छ । स्याउको भण्डारणका लागि उच्च क्षमताको कोल्डस्टोर निर्माण भइरहेको छ ।

सरकारले दाङको घोराहीदेखि रोल्पाको होलेरी हुँदै रुकुमको मैकोटसम्मको सहिदमार्गलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्दै आइरहेको छ । सडक र पुलको भाग देशभरि नै अत्यधिक हुने गरेको, थुप्रै सडक योजनाहरू सञ्चालन गर्नु परिरहेको तर पर्याप्त बजेट विनियोजन गर्न नसकिएको अवस्था हो । घोराही होलेरी खण्डको ३१ किमी सडक अत्यधिक भार बोक्ने सिमेन्ट उद्योगका ट्रकहरूको कारणले क्षति भएको छ । भार नियन्त्रण गर्दै सडकको आवश्यक मर्मतसम्भार गरी सडक सुधार गर्न ध्यान दिइनेछ । घोराही-होलेरीको वैकल्पिक सडक बनाउने सुझावका विषयमा आगामी दिनमा छलफल गरी कार्य अघि बढाइनेछ ।

प्रश्नकर्ता : अशिम साह

*(१) यो सदनमा केही समय अगाडि भूटानी शरणार्थी प्रकरणमा यो त ट्रेलरमात्र हो पूरा फिल्म गज्जब आउँछ भन्नुभयो तर जे आयो साह्रै झुर आयो टालटुले र सजिलै बुझ्न सकिने खालको आयो । नक्कली भूटानी शरणार्थीको फाइल खोलेर नेपाली काँग्रेसलाई साइजमा राख्नु भो, ललिता निवासमार्फत समाजवादीलाई साइजमा राख्नु भो, गौर हत्याकाण्डमार्फत जसपालाई, अनि अब गिरि बन्धुमार्फत नेकपा एमालेलाई साइजमा राख्न ट्राइ गर्दै हुनुहुन्छ, आफ्नो कुर्सी बलियो बनाउन यो राजनीतिक दाउपेच नगरेर कामले जनताको मन जितेर आफ्नो प्रधानमन्त्रीत्वको आयु लामो बनाउन सकिँदैन थियो होला ?*

*(२) भारतीय नेतृत्वले अन्तरिक्षयानलाई चन्द्रमामा कसरी सफल अवतरण गराउने भनेर सोचिरहँदा हाम्रो नेतृत्व आफ्ना एस म्यानलाई बचाउने र मुद्दा कमजोर बनाएर सफल अवतरण गराउने भन्ने सोचमा तल्लीन हुनु अत्यन्तै दुःखद छ । यताको अनुसन्धान अधिकारीलाई उता, उताको कर्मचारीलाई यता अवतरण गराउनै व्यस्त हाम्रो नेतृत्वबाट सुशासनको आशा कहिले गर्नु होला ?*

*(३) छिमेकीले चन्द्रमामा यान पठाउँदा मेरो देशले खाडीमा जवान पठाउन बाध्य छ । देशभित्रका विश्वविद्यालयहरू रित्तिँदै छन् । व्यवसायीहरू निरास छन् । खेलाडीहरू पलायन हुँदैछन् । युवा पुस्तामा देश छाड्न लहर नै चलेको छ ।*

*(४) प्रधानमन्त्रीज्यू चन्द्रयान अहिले माग्दिन तर यसम्यान जोगाउन लाग्दिन भन्ने हजुरको प्रतिबद्धताको कार्यान्वयन कहिले हुन्छ, भ्रष्टाचारमा पनि आफ्नो र अरूको भनेर हेर्ने हो भने हामीले खोजेको सुशासन कहिले आउँछ यो देशमा ?*

प्रधानमन्त्रीको उत्तर

मेरै नेतृत्वमा सरकार गठन भएदेखि आजका दिनसम्म मैले सामाजिक न्यायको प्रत्याभूति सुशासनको सुनिश्चितता र सार्वजनिक सेवा प्रवाहमा सुधारलाइ मुख्य प्राथमिकतामा राख्दै आएको छु । प्रश्नमा भनिएजस्तो सरकारका यी कामहरू कुर्सी टिकाउनका लागि होइनन् बरु देश र जनतामा राजनीतिक प्रणालीप्रति नै वितृष्णा छाएको, केही हुन्न सबै उस्तै हुन् भन्ने निराशावादी भाष्य निर्माण गर्न खोजिएको परिस्थितिलाई चिर्न सरकारले एकपछि अर्का राम्रो काम गर्दै आइरहेको छ । भूटानी शरणार्थी प्रकरणलगायत सबै घटनामा राज्यले दबाबरहित तरिकाले निष्पक्ष छानबिन अघि बढाएकै कारण अहिले जनतामा सुशासन सम्भव छ भन्ने आशा पलाएको हो ।

वर्तमान सरकारले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीतिलाई राज्यका तीनै तहमा कडाइका साथ कार्यान्वयन गर्दै आएको छ । यस अवधिमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, व्यावसायिक र जवाफदेही बनाउँदै भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गर्न सरकारले विभिन्न नीतिगत, कानुनी तथा संस्थागत सुधारलाई अघि बढाएको छ ।

सबै किसिमका भ्रष्टाचारलाई तथ्य र प्रमाणका आधारमा अनुसन्धान छानबिन गरी दोषीलाई कानुनको दायरामा ल्याउन सरकार प्रतिबद्ध छ । भ्रष्टाचारको मामलामा यो आफ्नो यो पराया भनेर सरकारले कसैलाई विभेद गरेको छैन । कानुनी समानताको सिद्धान्तलाई सरकारले पूर्णतः आत्मसात् गरेको छ ।

यहाँहरूले राख्नुभएका सारगर्भित प्रश्नहरूका बारेमा सङ्क्षिप्तरूपमा जानकारी प्रस्तुत गरेको छु । देशका र जनताका सामु कैयन चुनौती रहेका छन् । यिनको सार्थक र परिणाममुखी समाधानका लागि सबै राजनीतिक दलबीच साझा धारणा र राष्ट्रिय एकता जरुरी छ । विचार, मान्यता र सिद्धान्तमा हामीबीच फरक मत भए पनि महत्वपूर्ण राष्ट्रिय मुद्दा र सवालहरूमा हाम्रो समान दृष्टिकोण र मान्यता हुनुपर्छ र हामी सबै एकै ठाउँमा उभिनुपर्दछ । त्यसो भएमात्र नेपाली जनताले चाहेको र खोजेको जस्तो परिवर्तन ल्याउन सम्भव हुन्छ ।

सरकारले चालेका कदम र अघि बढाएका कार्यहरूले जनतामा सरकारप्रति आशा र भरोसा बढाउनाका साथै विकासप्रतिको एउटा नयाँ हुटहुटी पैदा गरेको छ । यस अवधिमा सार्वजनिक सेवा प्रवाहमा जनताले साबिकमा भोग्दै आएका झन्झट र सास्तीलाई उल्लेख्य मात्रामा कमी ल्याउन सफलता मिलेको, विकास निर्माणले गति लिएको र देशमा नयाँ आशा तथा उमङ्गको सञ्चार भएको छ । यद्यपि यसमै अडिएर सन्तोष गरेर बस्ने छुट हामीलाई छैन । अतः हाम्रो सोच र कार्यसम्पादन प्रणालीमा आमूल सुधार गर्दै विकासको नयाँ मोडलबाट जनताको विकास र समृद्धिको आकाङ्क्षालाई पूरा गर्न हामी प्रयत्नशील हुन आवश्यक छ ।

अन्त्यमा, सुशासन,सामाजिक न्याय र समृद्धिलाई सर्वोपरि प्राथमिकतामा राख्दै अघि बढेको यो सरकारले समावेशी सङ्घीय लोकतान्त्रिक शासन व्यवस्थाको सुदृढीकरण, अर्थतन्त्रको पुनरुत्थान, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री प्रशासनको स्थापना, भ्रष्टाचार नियन्त्रण र राज्यको सबै तहमा सुशासन र सदाचारको प्रवर्द्धन गर्न अघि बढाएका सबै कार्यमा सबै राजनीतिक दल, माननीय सदस्यहरू, नागरिक समाज, सञ्चारजगत, मित्रराष्ट्रहरू र दातृ निकाय तथा आम नेपाली जनताको निरन्तर साथ र सहयोग रहने अपेक्षा लिएको छ भन्दै बिदा हुन्छु । धन्यवाद ।


## सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण,
- सूचना वर्गीकरण र अद्यावधिक गरी समय-समयमा सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सरल र सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शीरूपमा कामकारबाहीको सम्पादन ।

**सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशकः कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं